# असल शिक्षा

## भाग-४



- भिक्षु अश्वघोष

Downloaded from http://dhamma.digital

# प्रकाशक



**डा. अनोजा गुरुमा**
**सुलक्षण कीर्ति विहार**
**चोभार, काठमाडौं**

Downloaded from http://dhamma.digital

# असल शिक्षा

## भाग-४

लेखक
भिक्षु अश्वघोष
संघनायक
संघाराम बिहार, ढल्को, काठमाडौं



प्रकाशक
डा. अनोजा गुरुमा
सुलक्षण कीर्ति विहार
चोभार

Downloaded from http://dhamma.digital

लेखक

भिक्षु अश्वघोष

संघनायक

संघाराम बिहार, ढल्को, काठमाडौं

प्रकाशक

डा. अनोजा गुरुमा

सुलक्षण कीर्ति बिहार

चोभार


बुद्ध सं. २५५५

नेपाल सं. ११३२

ई. सं. २०१२

बि.सं. २०६८

प्रकाशन : २००० प्रति


Downloaded from http://dhamma.digital

# मेरो आफ्नै कुरा

प्रस्तुत पुस्तकको नाम असल शिक्षा भाग-४ राखि दिएँ। मैले बुझे अनुसार बुद्धले ४५ वर्षसम्म धर्मप्रचार गर्नु भएको मानिसलाई असल मान्छे बनाउनु हो। यसको अनुरूप हाल म मानिसलाई असल मानिस हुने खालको शिक्षा सम्बन्धी पुस्तक लेख्न शुरु गर्न लागिए। अर्को भाषामा भन्ने हो भने असल शिक्षा र धर्म प्रचारको अभियानमा लागिएको छु। प्रस्तुत पुस्तकमा समावेश भएका लेखहरू धेरै जसो आनन्द भूमि र धर्म कीर्तिमा छापि सकेको हो। असल शिक्षा पहिलो भाग बुटवल पद्मचैत्य विहारमा बस्नुहुने अनागारिका [illegible] गुरुमाले छापी दिनुभयो। असल शिक्षा दोस्रो र भाग-३ दिवंगत दुर्गादास रंजित, टेकुको पुण्यस्मृतिमा उहाँ कै कान्छा छोरो अरोज दास रंजितले छापिदिनु भयो। अब प्रस्तुत असल शिक्षा भाग-४ सुलक्षण विहारका प्रमुख डा. अनोजा गुरुमाले छापि दिने जिम्मा लिनु भयो। उहाँ प्रति म कृतज्ञ छु र निरोगी कामना गर्दछु।

कुनैकुनै लेख जानाजानी अरु पुस्तकमा छापिसकेको फेरि यसमा समावेश गरेको छु। यो लेखहरूको संग्रह भएको हुँदा केहि कुराहरु दोहोरिएका छन्। सुलक्षण विहारका डा. अनोजा गुरुमा प्रमुख सहित सकल उपासक उपासिकाको निरोगी कामना गर्दछु।

संघनायक अश्वघोष

सधःराम, फोन: ४२५९११०, ४२५५९६०



Downloaded from http://dhamma.digital

# प्रकाशकीय

श्रद्धेय भिक्षु अश्वघोष महास्थविर नेपालका भिक्षु संघका संघ नायक पदमा पुग्नु भएको खुशीयालीमा सुलक्षण कीर्ति विहारको तर्फबाट उहाँले लेख्नु भएको असल शिक्षा भाग-४ प्रकाशित गर्न लागेको हो। प्रस्तुत पुस्तकमा बुद्धले प्रचार गर्नु भएको धर्म-मानिसलाई असल मानिस बन्न सक्ने सम्बन्धित धेरै विषय समावेश भएको छ। त्यस्तै उहाँले अ‍ बर्जनौं बर्जनौं बुद्ध धर्मका ज्ञानवर्धक पुस्तकहरु लेखेर धर प्रचारको काम गर्नु भएको छ। श्रद्धेय भन्तेको भाषा सरल छ। त्यसैले उहाँको पुस्तक धेरै जनालाई मन परेको छ उहाँले लेख्नु भएको पुस्तक पढेर पाठकहरुले बुद्धको व्यवहारिक ज्ञान र नैतिक शिक्षा प्राप्त गर्न सकिन्छ।

संघनायक अश्वघोष भन्तेको गुणहरु मैले देखेक र अनुभव गरेको केही लेख्नु अत्युक्ति नहोला। उहाँले उपदे दिंदा र पुस्तक लेख्नु हुँदा आफ्नो कमी कमजोरी स्वीका गर्ने गर्छन्। अरु मैले जानेको र बुझेको कुरा उहाँमा धर्मक बारेमा कट्टरपना र पूर्वाग्रह तथा प्रतिसोध लिने भावन नभएको। यी उहाँको सराहनीय गुणहरु हुन्।

उहाँको असल शिक्षा भाग-४ पुस्तक सुलक्षण विह तर्फबाट छाप्न पाउँदा हामी सबै परिवार हर्षित र गौरवान्वि छौं। यस पुण्य कार्यद्वारा उहाँको सुस्वास्थ्य र भवि उज्जवल होस् भन्ने कामना गर्दछु।

डा. अनोजा गुरु
सुलक्षण कीर्ति विह
चोभार



Downloaded from http://dhamma.digital

# विषय-सूची


| | |
|---|---|
| मेरो आफ्नै कुरा | क |
| प्रकाशकीय | ख |
| ठगीको विवेक बुद्धि | १ |
| ईर्ष्या | ४ |
| बुद्धको स्वतन्त्र चिन्तन | ७ |
| बुद्ध वचन स्मरण गरी | ९ |
| दुःख अन्त्यको लागि चाहिने हो "सम्यक् दृष्टि" | १२ |
| सहनशीलताको महिमा | १६ |
| धर्म उपदेश किन सुन्नु पर्छ | २० |
| महापुरुषको गुण | २६ |
| मानिसको मन किन अपवित्र हुने गर्छ ? | ३० |
| राक्षसको विवेक बुद्धि | ३३ |
| जीवन सुखमय हुने चारवस्तु | ३७ |
| दुःखमुक्त सुखी जीवन | ४२ |


Downloaded from http://dhamma.digital

ज्ञान बाहिरबाट र ज्ञानीहुनु भित्रबाट ४४

क्लेश भएका र नभएका चार प्रकारका व्यक्तिहरु ४७

धर्म प्रचार र हृदय परिवर्तन ५१

वर्षावास र कथिन उत्सव ५५

श्रद्धा र प्रज्ञा ५७

कंजूस साहू बोध भयो ६३

राजाको विवेक बुद्धि, राजाको चिन्तनमय प्रज्ञा ६९

अज्ञानी राहुल बोध भयो ७३

क्रोधी पति र असल पत्नी ७७

उत्तम मानिस बन्ने गुण धर्म ८१


Dhamma.Digital

Downloaded from http://dhamma.digital

# ठगीको विवेक बुद्धि

बुद्धकालिन समयको कुरा हो । बम्बइ शहरको समुद्रको छेऊमा सुप्पारक नामक बन्दरगाह (जहाजबाट मालसामान ल्याउने ठाउँ) बाहिय दारु चिरिय नामक व्यक्ति व्यापार गर्न पानी जहाजमा बसी गइरहेको बेला समुन्द्रको बीच मै जहाज दुर्घटना हुनपुग्यो । उसको सामान जम्मै समुद्र मै डुब्यो । बाहिय दारु चिरिय पौडि खेलेर सुप्पारक भन्ने ठाउँमा पुग्यो । त्यहाँ पुग्दा उसको शरीरमा बस्त्र थिएन । भोक पनि लागेको थियो । उसले केराको बोटको लामो पात र रुखको छिलकालाई चिरिकन शरीरलाई ढाकी एउटा माटोको भाडो हातमा लिई माग्न गयो । उसको अनौठो वस्त्र देखेर मानिसहरुले यो एक अरहन्त शुद्ध सन्त वा महापुरुष हुन सक्छ भनी ठानी खूब सम्मान गर्न थालियो । मिठो-मिठो खाना ख्वाउन थाल्यो । बाहिय दारु चिरियको मनमा कुरा उठ्यो- आहा । यही जीवन ठीक छ, जीविकाको लागि ।

मानिसहरुले नयाँ नयाँ राम्रा राम्रा लुगा दानदिन ल्याए । उसले दान लिएन । उ भन्छ, त्यस्ता राम्रा लुगा लाउनु हुन्न । मिठो-मिठो खाना खानु पनि हुन्न । यस्तो कुरा सुनी मानिसहरुको श्रद्धा झन बढ्दै गयो, अनि भन्न थाले यो सही अरहत नै हो ।

बाहिय दारु चिरियले मनमनै भन्नथाले- म त अरहन्त होइन । अरहन्तहरुमा यस्तो आडम्बर हुँदैन । मानिसहरुलाई ठग्ने काम गर्दैनन् । यस्तो कार्यले गरेर मैले अरुलाई मात्र धोखा दिइरहेको होइन आफूलाई पनि धोका दिइरहेको छु मैले । यो त मेरो ठगी जीवन भयो । उसको विवेक बुद्धिले भन्छ - साँच्चै अरहन्त नै हुने हो भने यहाँ बस्नु हुँदैन । गौतम



Downloaded from http://dhamma.digital

बुद्ध कहाँ जानु पऱ्यो। उहाँले अरहन्त (शुद्ध मानिस) हुने बाटो देखाउनुहुन्छ। अहिले उहाँलाई भेट्न जानुपऱ्यो। आजभोलि भगवान् बुद्ध श्रावस्तिमा हुनुहुन्छ भने को। यसरी विचार गरी श्रावस्तितिर लम्क्यो, गयो। बाहिय दारु चिरिय विद्वान व्यक्ति हुनुहुन्थ्यो।

श्रावस्ती पुग्नासाथ सोध्न थाल्यो बुद्ध कहाँ हुनुहुन्छ ? उहाँ जेतवनमा् हुनुहुन्छ भन्नेकुरा थाहापाए र त्यहाँगयो। बुद्ध भिक्षाटनको लागि जानुभएको रहेछ। उ आत्तिन थाल्यो। जहाँ गौतम बुद्ध हुनुहुन्थ्यो त्यहाँगयो। भगवान बुद्ध घरैपिच्छे ढैलो ढैलोमा उभिएर भिक्षालिंदै हुनुहुन्थ्यो। उ पनि पछिपछि जान थाल्यो। उसले वन्दना गर्दै भन्नथाल्यो - भो शास्ता गुरु। मलाई अरहत हुने उपदेश वा उपाय भन्नुहोस्। तपाईले अरहत (शुद्ध व्यक्ति) हुने बाटो देखाउनसक्नुहुन्छ रे।

बुद्धले भन्नुभयो - एकघण्टा पछि विहारमा आऊ अनि कुरा गरौंला। यहाँ बाटोमा कुरा गर्ने समय होइन।

एकघण्टापछि नभन्नुस्। एक घण्टाभित्र तपाईको के ठिकाना ? मेरो पनि के ठिकाना ? जिन्दगीको केही ठिकाना छैन। मलाई यहीं एकदुई शब्द भए पनि भनिदिनुस् भनी बाहिय दारुचिरियले विनम्र पूर्वक अनुरोध गरे।

बुद्धले विचार गर्नुभयो- यो मान्छे सही श्रद्धाले म कहाँ आएको हो। ज्ञानलाभ गर्ने आशाले मात्र होइन, ज्ञान लाभ गर्ने शक्ति पनि उसमा छ। एकघण्टा पछि भनिदिएँ। यो भनाई ठीक भएन। उसको आयुको केही ठिकाना छैन। एकघण्टाको बीच के हुन्छ ? कसलाई थाहा छ ? के हुन्छ ? श्वासप्रश्वास बन्दभयो कि मृत्यु हुने शरीर हो।

बुद्धले भन्नुभयो ध्यान दिएर सुन। म छोटकरीमा भन्नेछु। वर्तमान अवस्थालाई राम्रोसँग चिन्ने कोशिश



Downloaded from http://dhamma.digital

गर । आफूलाई आफैले चिन, आफ्नो गल्ती महशूस गर । जे देखे पनि, सुने पनि वास्तविक तथ्यलाई बुझी देख्ने मात्र गर, त्यसमा आशक्त नहुनु । सुनेपनि सुन्ने मात्र गर, त्यसमा आशक्त नहुनु । स्पर्श गरे पनि त्यसमा आशक्त नहुनु । निमित्तग्राही नहुनु । होशियारी भई सतर्क बनी, सचेत बनी बस्ने । कुनै चीजमा आशक्त नहुनु चाकुमा झिंगा टाँसे झैं ।

यत्ति सुन्नासाथै बाहिय दारुचिरिय बोध भयो । उ अरहत भयो, निक्लेशी भयो, निर्दोषी भयो । उसले आफूलाई आफैले चिन्नसके । आफ्नो गल्तीलाई महशूस गरे । उसको विवेक बुद्धिले काम दियो ।

बाहिय दारु चिरिय अति प्रसन्न र आनन्दित भए । खूब हर्षित भई बाटोमा हिंडिरहेको थियो । अकस्मात एउटा साँढेले हानिदियो । बाहिय दारु चिरिय बाटोमै ढलेर मऱ्यो ।

यता भगवान् बुद्ध फर्केर जानुभयो । बाटोमै बाहिय दारु चिरिय मरिरहेको देखेर बुद्धले भिक्षुहरुलाई भन्नुभयो - लौ यसलाई विहारमा लैजाओ । भिक्षुहरुले कुरा बुझेन किन यसरी भन्नुभएको । मरेको बाहिय दारु चिरियको मृत शरीरलाई बोकेर लगे । विहारमा पुग्नासाथै दाहसंस्कार गरिदियो । हाड र बाँकी खरानी लिएर चैत्य (स्मारक) बनाइदिनुभयो ।

भिक्षुहरुले सोधे- भन्ते । यस्तो किन गर्नुभएको ? त्यो त गृहस्थी हो ? गौतम बुद्धले भन्नुभयो- ऊ गृहस्थ भए पनि अरहत भइसक्यो । बोध भइसक्यो । उसले मनलाई बसमा राखी चित्तशुद्ध गरी सक्यो । तृष्णा क्षय भइसक्यो । त्यसैले उसको स्मृतिमा चैत्य बनाउन योग्य भयो । उदान पालीको आधारमा ।

◆◆◆



Downloaded from http://dhamma.digital

# ईर्ष्या

हे कालामीहरु ! मेरो कुरा राम्ररी सुन । कहिल्यै नसुनेको भनी स्वीकार नगर । फेरि परम्परादेखि आएको, हाम्रो धर्मग्रन्थको कुरासँग मिल्छ अर्थात् पुस्तकमा लेखेको छ, न्यायानुकूल छ, उपदेश दिने व्यक्ति आकर्षक छ, विद्वान् छ भनी स्वीकार नगर ।

मानिसहरुमा धेरै कमजोरी छन् । अर्को भाषामा भन्ने हो भने मानिसको मनमा धेरै क्लेश र कुसंस्कारहरु लुकिरहेको हुन्छ, जस्तै: लोभ, द्वेष, ईर्ष्या, अहंभाव, संकुचितभाव, आदि । यहाँ चर्चा गर्न लागेको ईर्ष्याको मात्र हो ।

ईर्ष्या बडो खतराको दुर्गुण हो । ईर्ष्यालु मानिसले जे पनि नराम्रो काम गर्न सक्छ । ईर्ष्या भन्ने दुर्गुण धर्मात्माहरुमा पनि हुन्छ । ईर्ष्यालुमा मैत्री र करुणा भाव पक्कै हुँदैन । सधैं द्वेषभाव, बदला लिने चेतनाले मानिसलाई डाह भइरहन्छ ।

धर्मात्मामा पनि ईर्ष्या भएको उदाहरणार्थ बुद्धकालीन एउटा दुईटा घटना प्रस्तुत गर्दछु ।

भगवान् बुद्ध श्रावस्तिको जेतवनाराम बस्नुहुँदाको घटना हो । बुद्धको शुद्ध चरित्र र असल व्यवहार बारे उपदेश सुनेर मानिसहरु प्रभावित भएर खूब मान सम्मान गर्न थाले र दान प्रदान पनि गर्न थाले । फलस्वरुप तीर्थंकर (अबौद्ध)हरुलाई मान सम्मान र लाभसत्कार कम हुन थाले । अनि ईर्ष्याले



Downloaded from http://dhamma.digital

डाह हुन थाले। उनीहरुले झूठो आरोप लगाउन भनी प्रचार शुरु गरे-भगवान् बुद्धले उपदेश दिंदाखेरि आफू र आफ्नो शिष्य भिक्षुहरुलाई मात्र दान दिनु, अरुलाई नदिनु भन्छन्।

यो अफवाह आगो फैलेझैं फैलियो। मानिसहरुले भन्न थाले, बुद्धको मन पनि सांगुरो रहेछ। यो त अति अशोभनीय कथन छ। भिक्षुहरु बाटोमा हिंड्न पनि सकेन। भिक्षुहरुलाई जथाभावी गाली गर्न थालियो। कोशल महाराजको दरबारसम्म यो अफवाह पुग्न थाल्यो। अनि कोशल महाराजलाई नरमाइलो लाग्यो। यो राम्रो कुरा होइन। यस्तो कुरा बुद्धबाट हुन सक्तैन। यो अफवाह निवारण गर्नुपर्‍यो भनी झ्यालि पिटाइदियो- फलाना दिन फलाना समयमा सबै धर्मका अनुयायी उपस्थित हुनुपर्‍यो। कोशल महाराजले भगवान् बुद्धलाई पनि निमन्त्रणा दिनुभयो। सबै जम्मा भइसकेपछि मञ्चमा बुद्ध समक्ष राजाले प्रश्न गरे- भन्ते, दान कसलाई दिनुपर्छ?

बुद्ध उत्तर दिनुहुन्छ- जसलाई मनपर्छ, उसलाई दिने। बुद्धले भन्नुभएन, बुद्धलाई वा आफ्ना शिष्य भिक्षुहरुलाई मात्र दिनुपर्छ।

अनि पछि कोशल महाराजले सम्बोधन गर्नुभई भन्नुभयो- प्रजाहरु, भगवान् बुद्धप्रति ईर्ष्याले नराम्रो अफवाह फैलाएर भगवान बुद्धलाई बदनामको लागि ईर्ष्याले षडयन्त्र रचेको हो। झूठो प्रचारलाई विश्वास नगर। त्यसपछि त्यहाँ शान्ति भयो।

ईर्ष्या भनेको साधारण मानिसमा हुनु त अस्वभाविक होइन तर त्यागीहरुमा पनि देखिन्छ। थाइल्याण्डमा एक जना



Downloaded from http://dhamma.digital

प्रसिद्ध ठूलो भिक्षु थिए। उहाँको व्यक्तित्व, शुद्ध आचरणले गर्दा उहाँको नाउँ प्रचार हुनथाल्यो, ठूलो कीर्ति फैलिन थाल्यो। फलस्वरुप अर्को विहारको भिक्षुलाई असह्यभयो। ईर्ष्याले डाह हुनथाले। त्यो प्रसिद्ध भन्तेको समक्ष एकजना उपासिका १०, १२ हात टाढा अगाडि बसी कुरा गरिरहेको अवस्थामा पछाडिबाट ती उपासिकासँगै बसेको जस्तो गरी फोटो खिचे, अखबारमा छापेर त्यो ठूलो नामी भिक्षुको बदनाम गरिदियो। त्यो भन्ते थाइल्याण्डमा बस्न नसकेर नेपालमा आएर बसे। उता थाइल्याण्डमा सरकारले खोजतलास गरी पत्ता लगाइयो, त्यो भन्तेको बदनामको लागि षडयन्त्र गरेको पनि निर्णय गरियो। ईर्ष्या साह्रै खतरा छ।

जापानमा एकजना आइमाइ रुपसुन्दरी भनी चुनियो। अर्को रुपसुन्दरी अपेक्षीले रुपसुन्दरी चुनेकोलाई तेजाब बोटलले हानिदियो। फलस्वरुप, तिनको मुख विरुप हुन गयो। यो ईर्ष्याको परिणाम हो।

ईर्ष्याले अरुको राम्रो काम देखेर द्वेषभाव जागृत हुन्छ, अनि अशान्त वातावरण सिर्जना हुन्छ।

◆◆◆



Downloaded from http://dhamma.digital

# बुद्धको स्वतन्त्र चिन्तन

बुद्ध शिक्षाको देन धेरै छन् । ती वेन मध्ये एउटा उल्लेखनीय स्वतंत्र चिन्तन हो । मानव समाजको विकासको निमित्त स्वतंन्त्र चिन्तन अति आवश्यक छ । गौतम बुद्ध शान्तिका मार्ग प्रदर्शक हुनु हुन्थ्यो, उहाँले कुनै पनि साम्प्रदायिक धर्म प्रचार गर्नु भएको थिएन । उहाँले सबैभन्दा पहिला दिनु भएको उपदेश धर्मचक्र नामले प्रसिद्ध छ । उहाँको उपदेश र शिक्षा भनेको वर्तमान जीवन शुद्ध र स्वच्छ होस् भन्ने हो । अर्को भाषामा भन्ने हो भने मानिस असल मानिस होस् भन्ने मात्र हो । वहाँ पहिला आफू बोध हुनुभयो, पहिले आफू शुद्ध संयमित ज्ञानी भएपछि मात्र अरुलाई शान्त हुनुपर्ने उपदेश दिनु भयो । वहाँको शिक्षा अनुसार कुनै वस्तु वा धर्ममा आसक्त हुनु हुँदैन । कुनै पनि कुरामा आसक्त भएको खण्डमा त्यस प्रति पूर्वाग्रह रहन जाने पनि डर हुन्छ । त्यस्ता पूर्वाग्रहबाट झगडा शुरु हुने हुन्छ । यस्ता धर्ममा साम्प्रदायिक लक्षण देखापर्छ । उहाँले एकपटक भिक्षुहरुलाई यसरी भन्नु भएको थियो । "कुल्लुपमं वो भिक्खवे धम्मं देसिस्सामि तरणत्थाय नोग्रहणात्थाय" अर्थात्- भिक्षुहरु तिमीहरुलाई म जुन धर्म बताउँदैछु, त्यो दुःखबाट मुक्त हुनको लागि हो । त्यसलाई समातिराख्नलाई होइन । डुंगाको उपमा दिएर धर्मको कुरा बताउँछ । मानिसको लागि डुंगाले नदी पार गर्नलाई काम दिन्छ । तर कामदिने भन्दैमा डुंगालाई नै कांधमा बोकेर हिड्नु उचित होइन ।

एकचोटि गौतम बुद्ध कालामी ब्राह्मणहरुको गाउँमा जानुभएको थियो । त्यहाँका कालामहरुले बुद्धसंग सोधे- श्रमण



Downloaded from http://dhamma.digital

गौतम । हाम्रो गाउँमा थरीथरीका साधु महात्माहरु आउँदैछन्, प्रवचन दिन्छन् र आ-आफ्ना सिद्धान्तको व्याख्या गर्छन् । अनि अरुको खण्डन पनि गर्छन् । तिनीहरु सबैको सिद्धान्त राम्रो भन्छन् र कसको सिद्धान्त र कुरा ठीक हो, भनेर छुट्याउने कार्यको लागि हामी अलमलमा परेका छौं । के गर्ने हो बताईदिनु हुन्छ कि ?

गौतम बुद्धले भन्नुभयो - सुनेको कुराको भरमा विश्वास नगर्नु, परम्पराको कुरामा पनि विश्वास नगर्नु, धेरै मानिसले मानेको कुरा भनेर सत्य असत्य नछुट्याई पत्याउने नगर्नु । केवल आफ्नो मतको धर्मग्रन्थमा छ भनेर पनि विश्वास नगर्नु । तिम्रो धर्म गुरुहरुले भनेको भनि शिरोपर पनि नगर्नु । (बुद्धले भनेको भन्दैमा पनि एकैचोटी विश्वास नगर्नु ।) तिमीले आफ्नो स्वतंन्त्र बुद्धिले ( बौद्ध, हिन्दु, क्रिश्चियन, मुस्लिम आदि, बुद्धिले होइन) विचार गरी हेर्नु । तिम्रो विवेक बुद्धिले के देख्यो र बुझ्यो, केवल तिमीं एक्लैलाई मात्र हितहुने दृष्टिले हेर्ने होइन कि धेरै मानिसको हितहुने होकि होइन बहुजन कल्याणकारी हुने खालको भए मात्र विश्वास गर्नु ।

पछि गौतम बुद्धले भन्नु भएको छ । त्यस्ता कुरा बुद्धले नै भनेको किन नहोस् । सुनारले सुनलाई राम्रोसंग जाँचेर कसौटीमा घोटेर आगोमा पोलेर हेरिसके पछि मात्र असल सुन हो भनेर स्वीकारे झैं कसैको कुरामा आफ्नो स्वतन्त्र चिन्तन रुपी कसौटीमा घोटेर मात्र स्वीकार्नु पर्छ । कागले कान लग्यो भन्ने वित्तिकै आफ्नो कान नछामी कागको पछि पछि दगुर्नु मूर्खतापूर्ण कार्य हुनेछ । त्यसैले हामीले सदैव आफ्नो विवेक बुद्धीलाई अघि सारेर मात्र काम गर्नु बुद्धिमानी हुनेछ ।

◆◆◆



Downloaded from http://dhamma.digital

# बुद्ध वचन स्मरण गरौं

आजको अशान्तपूर्ण वातावरणमा बुद्ध सन्देश एवं द्ध वचन स्मरण गरी यसबाट ज्ञान लिन अति उपयुक्त न्छ । बुद्ध सन्देशको मूल सार नै एक साधारण मानिसलाई सल मानिस बनाउनु हो । तर हामीले असल मानिस बन्नको ागि बुद्ध शिक्षालाई आफ्नो व्यवहारमा प्रयोग गर्न सक्नु नि पर्दछ । यसको लागि हामीले पहिला बुद्ध वचनहरु स्मरण रौं ।

"मानिस अप्रमादी (होशियारी), उत्साही र सतर्क रहन सकेमा उ उन्नति तर्फ र शान्तिको पथमा पुग्न सक्नेछ ।"

"हामी प्रमादी (बेहोशी ) बनी लापरवाही बन्न पुग्यौं भने छिट्टै मृत्युपथमा र अवनति पथमा पुगिनेछ । बेहोशी मानिस बाँचेर पनि मरेतुल्य हुनेछ ।"

"अर्काको दोष मात्र खोज्दै हिंड्नु भन्दा आफूले ठीक गरें वा बेठिक गरें भनी आफूले आफैलाई जाँचिरहन सक्नु उत्तम हुनेछ । मानिसमा कमजोरी हुन सक्छ । गलत बाटोमा हिंडिरहने व्यक्तिलाई ठीक बाटो देखाउन सक्नु पर्दछ । राम्रो सुझाव दिन सक्नु पर्दछ ।"

"शुद्ध र अशुद्ध हुनु, सुध्रिनु र नसुध्रिनु आ-आफ्नै हातको खेल हो । कसैले कसैलाई शुद्ध पार्न सक्दैन । आफ्नो गल्ती आफैले महशूस गर्नु पर्दछ । तथागत त मार्ग प्रदर्शक मात्र हुनुहुन्छ ।"

"मलाई गालि गर्‍यो, मलाई जित्यो" आदि भनी



Downloaded from http://dhamma.digital

बारम्बार सम्झना गर्दै मन दुःखी पारिरहने बानी भएको मानिसको मन जहिले पनि अशान्त भइरहन्छ। यस्तो खराब बानीलाई हटाउन सके मात्र मनमा शान्ति हुनेछ। अन्यथा यस्तो व्यक्तिको मनमा वैरभाव शान्त हुनेछैन।"

- "शत्रुताले शत्रुभाव शान्त हुँदैन। मैत्री र प्रेमभावले मात्र वैरभाव शान्त हुन सक्छ। यही शान्तिको बाटो हो।
- "एकदिन सबै बुढो हुनेछ, र मृत्यु हुनेछ भनी सम्झी राख्नु पर्छ। यसलाई सम्झन नसक्ने मानिस असल बन्न सक्दैन।"
- हाम्रो मनको स्वभाव नै जहाँ पनि अगुवा बन्नु हो त्यसैले अशुद्ध र नराम्रो मनसाय लिएर आफ्नो नीति स्वार्थ पूर्ति गर्नका लागि कसैले कुनै कुरो बोल्यो वा केही काम गऱ्यो भने त्यस व्यक्तिको पछाडि गाडाका पांग्रा पछि पछि लागेर आए झैं दुःख पनि पछि लागेर आउनेछ।"
- "हाम्रो मनको स्वभाव जुनसुकै क्षेत्रमा पनि अगुवा बन्नु हो। त्यसैले यो मन जतातते पुगिरहेको हुन्छ। कसैले शुद्ध मन र शुद्ध नियतले केही कुरा बोल्यो वा केही काम गऱ्यो भने मानिसको पछि पछि लागेर आउने छाँया जस्तै त्यस व्यक्तिलाई सुखले पछ्याउँदै आउनेछ।"
- "विश्वास पात्र बन्नुपर्छ। आफ्नो गल्तीलाई महशूस गर्न सक्नु पर्दछ। कर्त्तव्यपरायण बन्नु पर्दछ। अनिमात्र जीवन सुखमय बन्नेछ।"
- "झूठो बोली बोल्ने बानी भएको व्यक्ति समाजमा विश्वास पात्र बन्न सक्दैन। अहंकारले मानिस पतनतिर लाग्नेछ। सुविनीत र अनुशासित बन्न सक्ने मानिस



Downloaded from http://dhamma.digital

जीवन उज्ज्वल बन्नेछ ।"

- "विद्वानले भनेको र पुस्तकमा उल्लेख गरिएको कुरा भन्दैमा त्यसलाई एक्कासि विश्वास गर्न हुन्न । चाहे त्यो कुरा स्वयं बुद्धले नै भन्नुभएको किन नहोस् । जुनसुकै कुरा पनि ठीक हो वा बेठीक हो भविष्यसम्म हित र भलो हुने हो वा होइन भनी आफ्नो स्वतन्त्र बुद्धिको कसौटीमा घोटेर हेर्नु अत्यावश्यक छ । यदि त्यो कुरो भविष्यसम्म हित र भलो हुने भए मात्र त्यसलाई स्वीकार गर्ने अन्यथा स्वीकार गर्न पर्दैन ।"
- "भिक्षुहरु । तिमीहरुमा एकमत भए मैले बनाएको, प्रज्ञापन गरेको ससाना नियमहरुलाई त्यागन सक्नेछौं ।"
- "पहिला ध्यान दिएर सुन्नु, अनि मनन गर्नु, अनि पछि मात्र त्यसलाई आफ्नो व्यवहारमा, आचरणमा उतार्ने गर्नु ।"

◆◆◆

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# दुःख अन्त्यको लागि चाहिने हो "सम्यक् दृष्टि"

बुद्ध कुनै व्यक्ति वाचक होइन । ज्ञान सम्बन्धित शब्द हो । हो सिद्धार्थ कुमारलाई सम्बोधन गर्ने वचन । तर सिद्धार्थ कुमारलाई आमाबुबाले दिएको पदवी होइन, न त कुनै गुरुले दिएको पदवी हो । सिद्धार्थ कुमारले २९ वर्षको उमेरमा शान्ति पाउने बाटो पत्ता लगाउन राजदरबार त्याग्नु भयो । ६ वर्ष सम्म शान्तिको बाटो पाउन तपस्या गरेर अन्वेषण गर्नु भयो । ठूला ठूला विद्वानहरुको संगत गरे । तर सही शान्तिको बाटो पाउन सकेनन् । आखिर पीपलको रुखमुनी बसेर आध्यात्मिक ज्ञान उन्नतितिर लागे । मतलब आफ्नो मन भित्र खन्न र खोतल्ने कोशिष गरे । अन्तर्मूखी हुन थाले । आफ्नो मन शुद्ध गर्न प्रयत्न गरे । मन शुद्ध भएपछि थाहा पाए चतुआर्यसत्य संसारमा दुःख छ, दुःखको कारण छ, दुःख अन्त्य हुनसक्छ र दुःख अन्त्य हुने बाटो छ । वहाँले पत्ता लगाउनु भयो, दुःख छ यो सत्य हो । जन्मेपछि बूढो हुनु पर्ने, रोगी हुने र मृत्यु हुनु पर्ने यो सत्य हो । मन नपर्ने सँग बस्नु र प्रियसँग विछोड भएर बस्नु पर्ने आफूले चिताएको वस्तु नपाउनु दुःख हो ।

दुःखको कारण छ, तृष्णा र जत्तिभएपनि नपुग्ने असन्तुष्ट भाव । महत्वाकांक्षी हुनु । त्यसपछि सिद्धार्थ कुमारले पत्ता लगाउनु भयो दुःखको अन्त्य हुन सक्छ र दुःख अन्त



Downloaded from http://dhamma.digital

गर्नेबाटो पनि छ दु:ख अन्त्यको लागि पहिलो कुरा सम्यक्‌दृष्टि ठीक समझदारी हुनुपर्छ, नियत ठीक हुनुपर्छ, बोलि र काम सन्तुलन हुनुपर्छ। इमान्दारी र होशपनि ठीक हुनुपर्छ। यस सत्यको यथार्थतालाई सही रुपमा बुझ्नु भयो। बोध भयो। यही ज्ञान लाभ गर्नुभएकोले सिद्धार्थ कुमार बुद्ध हुनुभयो मतलब बुद्धत्व प्राप्त गर्नु भयो। यही ज्ञानलाई बुद्ध पदवी भनिन्छ।

२५ सय वर्ष पहिले सिद्धार्थ कुमारले पत्ता लगाएको दु:ख र दु:खबाट मुक्ति पाउने ज्ञान आज पनि ताजै छ। सान्दर्भिक छ। दु:ख छ, दु:खको कारण छ। यो एकदम नौलो कुरा हो। आज हाम्रो देश दु:ख कष्टले ग्रस्त छ। कारणलाई पत्ता लगाउने र त्यसलाई हल गर्ने तिर ध्यान गएको छैन। कारणलाई निकालेर फाल्न तिर ध्यान दिएको देखिदैन। समझदारी कुरा मात्र काम चाहिं असमझदारी अनि दु:खको अन्त्य कसरी हुने।

बुद्धको महत्व र परिचय यही हो दु:ख र दु:खको कारण छ, दु:खको अन्त्य हुन सक्छ भन्ने पत्ता लगाउनु भयो। यही सही ज्ञानलाई बुद्ध भनिएको हो। अर्को भाषामा भन्ने हो भने मनबाट सम्पूर्ण क्लेश कुसंस्कार बाट मुक्त भएको व्यक्तिलाई बुद्ध भनिन्छ। बुद्धको कथन अनुसार चित्त निर्मल भए जो पनि व्यक्ति बुद्ध बन्न सक्छ अर्थात् बुद्ध पदवी पाउन सकिन्छ।

एक दिन बुद्ध बाटोबाट गइरहनुभएको थियो। त्यसबेला एक जना ब्राह्मणले सोध्यो– तपाईको अनुहार साँह्रै उज्यालो छ र तेजिलो छ- तपाईको गमनपनि शान्त छ। तपाई को नि ?



Downloaded from http://dhamma.digital

उत्तर दिदै बुद्ध भन्नु हुन्छ -

अभिञ्ञेय्यं अभिञ्ञातं भावेतब्बं च भावितं,
पहातब्बं पहीनं मे तस्मा बुद्धोस्मि ब्राह्मण ।

अर्थ- मैले बुझ्नुपर्ने कुरा (दुःख छ, दुःखको कारण छ, दुःखको अन्त्य हुन सक्छ, दुःख अन्त गर्नेबाटो पनि छ । यो चार् आर्यसत्य सही रुपमा अध्ययन गरे र बुझें तथा अभ्यास पनि गरें । त्यसपछि छोड्नु पर्ने कुसंस्कारलाई त्यागीदिएँ त्यसैले म बोध भएको बुद्ध हुँ ब्राह्मण ।

यहाँ बुझ्नुपर्ने कुरा के भने अध्ययन गरेर अभ्यास मात्र गरेर नपुग्ने रहेछ, पूर्णरुपमा मनमा लुकेर बसेका क्लेश, नराम्रो संस्कार पूर्णरुपमा पखाल्नु पर्छ ।

यस कुराले के बुझिन्छ भने बुद्ध पहिले आफू असल बनेपछि मात्र अरुलाई असल मान्छे बन्नुपर्ने कुरा सुनाउनु हुन्छ । आफू शुद्ध भइसकेपछि आफू शान्त स्वभावको भएपछि मात्र अरुलाई शुद्ध हुनुपर्ने, शान्त स्वभावको हुनुपर्ने कुरा बताउनु हुने बुद्ध योग्य गुरु हुनुहुन्छ ।

मानिसहरुको समूहमा धेरै भाषण र प्रवचन दिन सक्ने वक्ताहरु छन् । त्यस्ता व्यक्ति भएतापनि सुन्नेहरुलाई चित्तबुझ्ने गरि प्रवचन र उपदेश दिन सक्ने कम नै पाउँछौं । सही वक्ता र कथा भन्न सक्ने भनेको सुनिराखेका मानिसहरुको ध्यान आकर्षण गरेर बोध गर्न शक्ति भएकोलाई भनिन्छ । यस्ता योग्य वक्ता बुद्ध जस्ता बाहेक अरु दुर्लभ छ भन्नु अत्युक्ति हुँदैन होला । बुद्धले कथा भन्ने बेला सुनिराखेको मानिसहरुको मनमा भित्रसम्म पस्ने र समय र ठाउँलाई उचित हुने गरि कथा भन्नुहुन्छ । उपदेश दिने भन्दा पहिले नै श्रोतावर्ग कस्ता खालका हुन्, धर्मलाई बुझ्न सक्ने छ कि



Downloaded from http://dhamma.digital

छैन भनेर विचार गर्नुहुन्छ ।

एक दिन एक जना गोठाला कथा बुझ्न सक्ने रहेछ । उसको एउटा गाई हराएको रहेछ । ऊ गाई खोज्दा खोज्दै आधादिन बितेछ । खाने बेलापनि बित्यो । त्यसबेला भगवान बुद्ध सडक छेउमै उपदेश दिनलाई तयार भएको हुनुहुन्थ्यो । त्यो गोठालालाई इच्छा भयो कथा सुन्न । त्यहाँ ऊ गयो । तर उसलाई भोक लागेको थियो । त्यसैले उसको मन धर्मकथा तिर गएन । बुद्धले उसलाई खाना दिएर पेटभरि सकेपछि कथा भन्नुभयो । अनि उसको मन कथा तिर गयो, अनि उ कथा सुनेर बोध भयो । ऊ स्रोतापन्न भयो मतलब निर्वाणाको पहिलो स्टेपमा पुग्यो । अर्थात् निर्वाणाको बाटोमा पुग्न सफल भयो ।

अर्को एक दिन अर्काको कमजोरी र दोष मात्र खोज्ने, झगडालु ब्राहमण एक जना बुद्धकहाँ गएर भने- म धर्मको कथा सुन्न आएको हुँ ।

अनि भगवान् बुद्धले भन्नुभयो - तिमी अर्काको दोष मात्र खोजेर झगडा गर्ने, त्यस्ता मान्छेले धर्मको कथा बुझ्न सक्दैन । बुद्धको यो कथन सुनेपछि ब्राहमणाले मनमनै कुरा गर्न थाल्यो- बुद्धले त मलाई चिन्नु भएको रहेछ । मेरो स्वभाव कस्तो रहेछ । साँच्चै नै मेरो स्वभाव राम्रो छैन रहेछ । बुद्ध साँच्चै नै ठूलो आध्यात्मिक गुण भएको रहेछ । उ खूब प्रभावित भयो । खूब प्रशन्न मुद्रामा बुद्ध समक्ष गएर भने- भो गुरु म अज्ञानी हुँ । तपाई देखेर, तपाईको कुरा सुनेर, बोध भएँ । म आज देखि ज्ञानी हुन्छु । अर्काको कमजोरी खोज्ने काम छोडिदिन्छु ।

◆◆◆



Downloaded from http://dhamma.digital

# सहनशीलताको महिमा

बुद्धको शिक्षामा प्रज्ञा र अध्यात्मिक उन्नतिको कुरा धेरै ठाउँमा उल्लेख भएको पाइन्छ । जो व्यक्तिसँग प्रज्ञाहुन्छ, उ सँग थुप्रै गुणहरु हुन्छन् । ती मध्य सहनशीलता पनि एक हो । यो बाहिरी कुरा होइन भित्री कुरा हो । यसलाई आध्यात्मिक गुण पनि भन्न सकिन्छ । यस्ता व्यक्तिहरु नरम र मधुर वचनले कुरा गर्ने प्रवितिमा हुन्छन् ।

म भन्ने भावनाले गर्दा मानिसहरुमा अहंकारको भावना जागृत हुन्छ । फलस्वरुप जहिले पनि आफूलाई ठीक ठानी सही कुरामा पनि विरोध प्रकट गर्ने बानीले विस्तारै सहनशीलता भन्ने गुण हट्दै जान्छ ।

मानिसहरु विभिन्न कारणाले गर्दा सहनशील हुन्छन् । ती कारण हुन् :- १) कोही मूर्ख भएका कारणले सहनशील हुन्छन् । २) कोही निर्बल भएको कारणले सहनशील हुन्छन् । ३) कोही ढोंगीपन देखाएर सहनशील हुन्छन् । ४) कोही आफूलाई फाइदा लिनको लागि सहनशील हुन्छन् । यसरी सहनशील भएर बस्नु सहीरुपमा सहनशीलता होइन यो सहनशीलत्ताको बहाना मात्र हो ।

निन्दा र आलोचना गरेको सहन नसक्नुको मूलकारण अहंकार हो । म भन्ने मनमा राखेर मानिस रिसाएर बस्छ । सहन नसकेकोले छिटो विरोध व्यक्त गर्न खोज्छ ।



Downloaded from http://dhamma.digital

बदला लिन खोज्छ । अहं न भएको मानिस रिसाउँदैन ।

उदाहरणको लागि आक्रोशक भारद्वाज नामक ब्राह्मण गौतम बुद्ध समक्ष गई यस्सरी- तँ गधा, भेडा, गोरु, भनी गाली गरे । भगवान् बुद्ध मुसु मुसु हाँस्दै बस्नुभयो ।

आक्रोशक ब्राह्मणले सोधे- मैले गाली गरेको सुनेनौ ? किन हाँस्दै बसेको ? चित्त दुख्दैन ?

गौतम बुद्धले ब्राह्मणसित प्रश्न गर्नुभयो । तपाईँको घरमा कुनै पाहुना आएर कोसेली दिएको खण्डमा तपाईँले लिनु भएन भने के हुन्छ ?

ब्राहमणाले भने- उसैले लिएर जान्छ ।

बुद्धले भन्नुभयो- म कहाँ पनि आज तपाईँले थुप्रै कोसेली ल्याएर दिनुभयो- त्यो हो गधा, भेडा र गोरु । ती मैले लिइन । तपाईं नै लिएर जानुस् । मैले ग्रहण नै गरेको छैन भने के को चित्त दुःख्ने ।

त्यो आक्रोशक ब्राह्मणको हृदय परिवर्तन भयो बुद्धको सहनशीलता देखेर । त्यो आक्रोशक ब्राह्मणको स्वभाव बिल्कुल नरम भयो । आफ्नो रिसालु र ईर्ष्यालु बानीलाई सम्पूर्ण रुपमा समाप्त पारी बुद्धको शरणमा गयो ।

बुद्धको सहनशीलता कति सुनौं । हिन्दू साधुको सहनशीलता पनि सुनौं ।

महर्षि दयानन्द फरुखावादमा गंगाको किनारमा बस्नुहुन्थ्यो । त्यही नजिकै अर्का एकजना साधुपनि एउटा सानो कुटी बनाई बसेका रहेछन् । महर्षि दयानन्द देखेर उसलाई ईर्ष्या भएछ । हरेक दिन त्यस साधुले दयानन्द स्वामीकहाँ गई उहाँलाई गाली गर्न सकेजति गाली गरी फर्किने



Downloaded from http://dhamma.digital

गर्थ्यो । दयानन्द स्वामी भने उसको गाली सुनेर हाँसी रहनुहुन्थ्यो । केही जवाफ दिनु हुन्नथ्यो । दयानन्द स्वामी कहाँ आउने भक्तजनहरुले धेरै पटक आज्ञा मात्र दिनुहोस् । हामी त्यस दुष्ट साधुलाई ठीक पार्ने छौं । उनीहरुको कुरा सुनेर स्वामी दयानन्द सधैं भन्नुहुन्थ्यो- हुँदैन, त्यस व्यक्ति आफसे आफ असल बन्ने छ ।

एकदिन एकजना सज्जनले एउटा डालो भरि फलफूल राखेर महार्षि दयानन्दलाई दान दिन ल्याएछ । महर्षि दयानन्दले ती फलफूलमध्ये राम्रा राम्रा फलफूल एक पोको पारी एकजना मानिसलाई भन्नुभएछ- फलफूलको यो पोको यहाँसम्म आई मलाई कृपा राखी हरेक दिन आशीर्वाद दिएर जानुहुने साधुलाई दिएर आउनु ।

त्यस व्यक्तिले भन्यो- स्वामीजी । त्यो साधुले त तपाईलाई हरेक दिन गालीगर्दै जान्छ होइन र ? महर्षि दयानन्दले भन्नुभयो हो, त्यसैलाई दिएर आउनु ।

त्यस सज्जनले बाध्य भएर फलफूलको पोको लिएर त्यस साधु कहाँ गएर भने- साधु बा बा । यो फलफूल स्वामी दयानन्दले तपाईलाई पठाउनु भएको ।

त्यो साधुले दयानन्दको नाम सुन्ने बित्तिकै भने- अरे, आज एका बिहानै त्यस अलच्छिनाको नाम सुनाउनु आयौ ? कुन्नि आज भोजन प्राप्त हुने हो कि होइन ? जाउ बाहिर यहाँबाट ! मेरो लागि दिएर पठाएको होइन त्यो फलफूल । अरु कसैको लागि दिएर पठाएको होला । म त सधै उसलाई गाली गरिरहन्छु ।

यति सुनिसकेपछि त्यस व्यक्ति सरासर महर्षि दयानन्द



Downloaded from http://dhamma.digital

समक्ष गई भएको सबै वृतान्त सुनाए। महर्षिले फेरि भन्नुभयो - तिमी फेरि त्यही साधुकहाँ जाऊ। उसलाई नै भन्ने- यो फलफूल स्वामी दयानन्दले तपाईलाई नै दिएर पठाएको हो। तपाईले सधैं त्यहाँ आई अमृत वर्षाउन आउने भएकोले र पूजापाठ गर्न आउनु भएकोले धेरै ताकत खेर गयो होला यो फलफूलका रस खानुभई शक्ति बढाउनुस् अनि सधैं पूजा पाठ गर्नको लागि कति पनि ताकत कम हुने छैन। यति कुरा सुनेपछि त्यस साधु कुटीबाट बाहिर आइ स्वामी दयानन्दकहाँ गई पाउ समाति क्षमा माग्न गए। हात जोडेर बिन्ति गर्दै भने- स्वामी महाराज ! मलाई क्षमा गरि दिनुहोस्। मैले त तपाईलाई एक साधारण मानिस सम्झेको थिएँ। तर तपाई त मानिस होइन देवता हुनुहुँदो रहेछ।

यही हो सहनशीलताको चमत्कार जुन व्यक्तिसँग पवित्र सहनशीलता हुन्छ उसको जीवनमा धेरै मीठो रस प्राप्त हुन्छ। जीवन सधैं रमाइलो हुन्छ।

◆◆◆



Downloaded from http://dhamma.digital

# धर्म उपदेश किन सुन्नु पर्ने

आफ्नो चित्त शुद्धगर्नलाई र फेरिफेरि पाप कर्म नगर्नलाई धर्मोपदेश सुन्नु पर्नेहो । अर्को भाषामा भन्ने हो भने असल योग्य मान्छे बन्नलाई हो । अनि गुणी मानिस बन्नलाई हो ।

मानिस सोभ्रा र इमान्दार भएर मात्र सुख हुने होइन र त्यस्तालाई स्वार्थीबाट दु:ख हुने हुन्छ । स्वार्थी र बेइमानहरुको आजभोलि उन्नति भइरहेको देखिन्छ । सोभ्रा र इमान्दारहरु गरिब र दु:खी भइरहेको छ । यसो हुनु प्रज्ञाको अभावले हो । ढंग पुऱ्याई काम गर्न नजानेकोले हो । बेइमानहरु साहसी र बुद्धि भएकाले उनीहरु धनी भइरहेका हुन् । इमान्दार र सोभ्रा भएकोले उनीहरु दु:खी भएका छन् । त्यसो त इमान्दार र धर्मात्मा भएर धनी भएकाहरु पनि छन् । त्यसैले धनीहरु सबै बेइमान नै हुने होइन ।

आफूसँग योग्यता र दूरदर्शिज्ञान नहुँदा दु:ख हुनेगर्छ । पैसा नभएको हुँदा उन्नति हुन नसकेको र ढंग नभएकाले दु:ख हुन गएको हो भनी बुभ्रन सके मात्र पनि मनको दु:ख हराएर जाने हुन्छ । मानिसले सुख खोज्ने होइन दु:खको कारण पत्ता लगाउन सके दु:खबाट मुक्त हुन सकिन्छ । दु:खको कारणलाई समाधान गर्नुसक्नुपर्छ ।



Downloaded from http://dhamma.digital

योग्यता भनेको चोरमा पनि हुने हुन्छ, तर त्यस्तो योग्यता आफू र अरुलाई दु:ख हुने कुरा हो । मानिसको क्षमता र योग्यता असल काम गर्नमा प्रयोग गर्नु पर्दछ । त्यसको लागि सम्यक् संकल्प चाहिन्छ र आँट पनि हुनु पर्छ । यस्तो कुरा बुझ्नको लागि धर्म उपदेश सुन्ने गर्नुपर्छ ।

पुण्य र धर्म गर्नुपर्ने कर्म बलियो पार्नको लागि हो । यो कुरा बुझ्नलाई मैले अध्ययन गरेको स्मरण गरी यहाँ व्याख्या गर्दछु ।

मानिसको मृत्यु चार प्रकारले हुने गर्दछ । १) आयु सकेर, २) कर्मसकेर, ३) आयु र कर्म दुबै सकेर, ४) दुर्घटनामा (अकाल) मृत्युभएर ।

कर्मक्षय भएर हुने मृत्युबारे अथवा कर्मक्षय भएको बेला धर्मकर्म र परोपकार हुने राम्रो काम गरेर कर्म थप्न सकिन्छ । आयुक्षय भएकोमा बाँच्न सक्ने कुनै उपाय छैन । त्यस्तालै औषधी गरेर वा धर्मकर्म गरेर बाँच्न सकिनेछैन । अपवाद स्वरुप धर्म ग्रन्थमा पालि अर्थकथामा (त्रिपिटकमा होइन) पनि आयुक्षयको अवस्थामा, धर्मकर्म गरेर आयु बढेको कथा पढ्न पाइन्छ । त्यो पुरोहितवादको सृजित कथा हो ।

परोपकार अर्थात् सेवा गरेर क्षय भएको कर्म थप्न सक्नेबारे पालि साहित्यको आधारमै लेख्दै छु । दियोमा तेल सिद्धिँदा थप्न भए जस्तै कर्म सिद्धि सकेकोलाई धर्मकर्म गरेर कर्म पनि थप्न सकिन्छ । उदाहरणको लागि एउटा कथा अगाडि राख्छु ।

पहिला पहिलाको कुरा हो । एक दम्पतीको छोरा



Downloaded from http://dhamma.digital

थियो । उसलाई टाढा एउटा ठाँउमा गुरुकुल(छात्रावास)मा राखेर पढाइ राख्यो । त्यँहा पढाइराख्ने गुरु ज्योतिषशास्त्रमा पारंगत भइसकेको थियो । उसले बच्चाहरुको मुख हेरेर "कति बाँच्ने रहेछ" भन्न सक्ने रहेछ ।

एकदिन पढाइरहेको बेलामा त्यही केटाको मुख हेरेर बिचार गऱ्यो- "यो केटा त सात दिन मात्र बाँच्छ । कर्मक्षय भैसकेको छ । यहीं मऱ्यो भने यस गुरुकुलको बदनाम हुन्छ । त्यसैले उसलाई घर पठाइ दिनुपऱ्यो ।" यस्तो मनमा सोचेर त्यस केटालाई बोलाएर भन्यो- "बाबु, तिम्रो आमा बुबाले एउटा चिठ्ठी पठाउनु भएको छ । तिमीलाई छिट्टै घर आउ रे" । केटोलाई त्यो कुरा हो भन्ने लाग्यो । उसले भन्यो- "त्यसो भए म घर जान्छु ।"

त्यस केटाको घर पुग्न चार दिन लाग्थ्यो । गुरुको मनमा थियो- "चारदिन पछि ऊ घर पुग्ने छ, अनि त्यसको तीन दिन पछि ऊ मर्ने छ ।" गुरुले उसलाई बाटो खर्च र खानेकुरा दिई पठायो ।

केटा सरासर घरतिर गइरहेको थियो । जंगलभित्र एक ठाउँमा एकजना साधु महात्माले रुखबाट झरेका बिग्रेका फलहरु बटुलिइरहेको देख्यो । केटोले रुखमा पनि राम्राराम्रा फलहरु फलिरहेको देख्यो । साधु महात्मासँग सोध्यो "रुखमा राम्रा फलहरु भएर पनि तपाई किन ती बिग्रेका फलहरु बटुलिरहनु भएको हैं ?"

महात्माले भन्यो -"कसैले न दिएसम्म नलिने हाम्रो नियम हो । यी खसेका फलहरु रुखले दिएको हुनाले बटुलिरहेको हूँ"



Downloaded from http://dhamma.digital

केटोले उसको डालो लिएर रुखमा चढेर राम्रा राम्रा पाकेका फलहरु टिपेर त्यसमा राखेर महात्मालाई दियो ।

त्यो महात्माले विचार गऱ्यो- "थुप्रै मानिसहरु यहाँ आउँछन्, जान्छन् तर कसैले मलाई वास्ता गर्दैनन् । यो केटामा कस्तो धर्म चेतना भएको ? "महात्माले केटालाई "जय होस्, दिर्घायु होस्" भनेर आर्शीर्वाद दियो । केटो पनि खुशी हुँदै गयो । एउटा खोलामा पुगेपछि उसले बाँसको पुल एउटा देख्यो । त्यो पुल बिग्रिसकेको थियो । त्यसबाट हिंडेमा कुनै पनि बेला त्यो पुलबाट खोलामा खस्न सक्थ्यो । कतै तिर बाँस होला कि भनेर उसले यता उता खोज्न गयो । चार पाँचवटा बाँस खोजेर ल्याइ बिग्रेको पुललाई नयाँ बनाई दियो । बटुवाहरुले जयहोस्, दीर्घायु होस् भनी आशिर्वाद दिए ।

त्यहाँबाट ऊ सरासर गएर घर पुग्यो । आमा चाहिं घर बाहिर बसिरहेकी थिईं । उसलाई देख्ना साथ भनिहाली-"ए लुच्चा पढ्न सिद्धिएको छैन, किन फर्किस् ? बद्‌मास भएकोले गुरुले फिर्ता पठाइदियो कि ?"

केटोले भन्यो- "आफूहरुले त छिट्टै घर आउनू" भनेर खवर पठाउने, फेरि मलाई नै लुच्चा भन्ने ?" आमा चाहिंले भनिन्, "हामीहरुले खवर पठाएको भनेर कसले भन्यो ?" केटोले जवाफ दियो- "गुरुले भन्नु भएको- तिम्रो आमाबाबुले तिमीलाई हेर्न उत्सुक भइरहेको छ, तिमी छिट्टै घर आउ रे ।"

आमा चाहिंलाई छोराको रुप देखेर माया



Downloaded from http://dhamma.digital

लाग्यो। छोरा दुब्लाएको रहेछ। त्यसैले पठाइदिनु भएको होला भन्ने विचार गरिन्। भैगो तँ एक महिना जति बसेर मिठो खाना खाएर मोटाएर जाऊ।

गुरुको शास्त्रअनुसार केटो सात दिन पछि मर्नुपर्ने, एक महिना बित्दा पनि मरेन। यो कुरा केटोलाई पनि थाहा थिएन र केटोको आमाबुबालाई पनि थाहा थिएन। एक महिना पछि केटो फेरी गुरुकहाँ गयो। गुरुले टाढैदेखि त्यो केटो आइरहेको देख्यो। उसले यो घटना साँच्चै भइरहेको हो वा सपना मात्रै हो छुट्याउन सकेन। "भूत भएर आएको त होइन। मेरो शास्त्र झूठो त हुन सक्दैन।" के भएको बुझ्न नसकेर गुरुचहि वाल्ल परिराख्यो। फेरि विचार गर्‍यो- "त्यो केटोले धर्म गर्‍यो होला, त्यसैले यसको सिद्धिएको कर्म फेरि थपियो।" गुरुले सोध्यो- "तिमीले के धर्मको काम गरेर आयौ?"

केटोले भन्यो- "केही पनि धर्म गरेर आएको छैन।" गुरु झन् लाटो भयो। फेरि भन्यो- "तिमीले पक्कै पनि धर्म गरेर आएको छ। धर्म गरेर पनि भन्न लाज मान्नु पर्छ ?" केटोले धरोधर्म कुनै पनि धर्म गरेर आएको छैन भनेर किरिया नै हाल्यो। गुरु झन पक्क भयो। फेरि गुरुले भन्यो- "त्यसो भए तिमी यहाँबाट गए देखि तिमीले के के गर्‍यौ मलाई भन।"

केटोले आफू त्यहाँ जाँदा बाटोमा महात्माको लागि फलहरु टिपि दिएको, बिग्रिसकेको पुल बनाइदिएको, घरमा आमा-बुबाको पनि राम्रो सेवा गरेको सबै कुरा सुनाउँदै



Downloaded from http://dhamma.digital

भन्यो । यहाँ आउनु अगाडि मलाई केही पनि गर्न आउन्नथ्यो । बदमास र अट्टेरी भएकोले मलाई यस छात्रावसमा राखिदिएको हो । मेरो स्वभाव राम्रो भएको र बदलिएको देखेर मेरा आमा- बुबा औंधी खुशी हुनुहुन्छ । उनीहरुको मनमा थियो कि - "पैसा खर्च गरेर यहाँ पढाए भैँ छोरा पनि ज्ञानी भयो ।"

यति कुरा सुन्ने बित्तिकै गुरुले भन्यो- "तिमीले त धेरै धर्म गरेर आयौ । जंगलमा साधु महात्मालाई फलहरु टिपिदिएको, माछाहरुलाई पोखरीमा राखिदिएको, बिग्रेको पुल बनाइदिएको, यी सबै धर्म हो । सबै भन्दा ठूलो धर्म त तिमीले आमा बुबाको सेवा गरेर आयौ । तिमी त कर्म सिद्धिसकेको मान्छे तर धर्मगरेकोले बाँच्यौ ।

केटोले भन्यो- "यस्तो काम पनि धर्म हो त ? म त फूल, धूप, चामल आदि राखेर देउताको पूजा गर्न मात्र धर्म, होम यज्ञ गर्नुमात्र धर्म हो भन्थानेको थिए ।"

यो कथामा कर्म सिद्धिसकेकाहरुलाई धर्मकर्म गरेर बचाउन सकिन्छ भन्ने कुरा स्पष्ट सँग देखाएको छ । धर्मकर्मको साथ साथै औषधी उपचार पनि गर्नु पर्दछ ।

◆◆◆



Downloaded from http://dhamma.digital

# महापुरूषको गुण

भगवान् बुद्धले समय समयमा ब्रहमविहार अर्थात् उत्तम जीविकाको बारेमा उपदेश दिने गर्नुहुन्थ्यो । यी गुणहरु हुन् -मैत्री, करुणा, मुदिता र उपेक्षा । यी चार गुण जुन व्यक्तिमा हुन्छ, ऊ ब्रहमा नै हो भनी गौतम बुद्धले भन्नु भएको छ ।

१) मैत्री अर्थात् प्रेम, दया, सद्इच्छा र परोपकार शब्दहरुबाट व्यक्त हुन्छन् । यसलाई मित्रता र प्रेम पनि भनिन्छ तर मैत्री र मित्रता तथा प्रेममा धेरै भेद छ । कुनै बखत व्यक्ति-व्यक्तिबीच भेटघाट हुनासाथ चिनाजानी र परिचय हुन्छ अनि मित्रता हुन्छ । यो मित्रता मैत्री जस्तो शुद्ध र बलियो हुँदैन । उदाहरणका लागि कांग्रेस राप्रपाको समीकरण अथवा ने. क. पा. एमाले, कांग्रेस समीकरण एकथरी मित्रता हो । तर यो शुद्ध मैत्री भने होइन । मैत्री भनेको हृदयनरम, स्वच्छ विश्वास, स्वच्छ सहयोग र दयापूर्ण गुण हो । देखावटी गुण होइन । पार्टी बीच मित्रता देखावटी गुण हो । शुद्ध हृदयको चिन्ह होइन । स्वार्थको चिन्ह हो परोपकारको शुद्ध रुप होइन । आफ्नो मतलव पूरा भएन भने मित्रता असहयोगमा परिणात हुन्छ ।

साधारणतया शान्तमय जीवन यापनको लागि मैत्री गुण मानिसमा हुनुपर्छ । यो मानवीय गुण हो । मैत्री हराएमा मानिसमा क्रोध उत्पन्न भएर दानवरुप लिन सक्छ । तसर्थ



Downloaded from http://dhamma.digital

मैत्री महापुरुषको गुण हो ।

२) करुणा –दुःखी अनाथप्रति सहानुभूति, दया र मायापूर्ण भावना जाग्ने स्वभाव हो । अरुको दुःख पीडा देखेर मनमा दुःखको अनुभव हुने सहानुभूति हुने लक्षणलाई करुणा भनिन्छ । यो ब्रहमविहारको दोस्रो गुण हो । अर्काको दुःख आपत विपत देख्नासाथै उसलाई कसरी दुःखबाट मुक्त गर्न सकिन्छ भन्ने चिन्तन मनमा आउने भावना नै करुणा हो । हामी अखबारमा समय समयमा छापिएका समाचार पढ्छौं । खोलामा बगिरहेको मानिसलाई उद्धार गर्दा कतिपयको ज्यान गुम्छ । कसैको घरमा आगो लागेको बेलामा आगो निभाउने र सामान बचाउने प्रयास गर्दा ज्यान गुमाउनेहरु पनि छन् । यो करुणा भएको व्यक्तिको उदाहरण हो । करुणा र मैत्री दुबै पवित्र हृदयको चिन्ह हो । यहाँ प्रजातन्त्र र साम्यवादको भेदभाव हुँदैन । भोकमरीले पीडित राष्ट्रको लागि अर्न्तराष्ट्रिय खाद्य सहयोग दिनु करुणा हो । कुनै कुनै राष्ट्रले मानवताको नाताले आर्थिक सहयोग दिने गर्छ । यो शुद्ध मैत्री र करुणाको भावनाले दिएको ठहरिदैन ।

यहाँ एउटा स्मरणीय कुरा के छ भने आफ्ना खराब बानी भएका छोराछोरीहरुलाई आमाबुबाले केटाकेटीको भलो चिताएर नै गाली र सुझाव दिन्छन् । रचनात्मक सुझावमा मैत्री करुणा गुण समावेश भएको छ । ध्वंसात्मक र आक्रोशमा गरेको गतिविधिमा मैत्री करुणा हुँदैन ।

३) मुदिता– यो ब्रहमविहारको तेस्रो गुण हो । मनको प्रफुल्लता, प्रसन्नता, शुद्ध आनन्दको अवस्था मुदिता गुण हो । संकीर्ण र संकुचित तथा ईर्श्या भावनारहित चित्तको



Downloaded from http://dhamma.digital

अवस्थामा मुदिता गुण हुन्छ। अरुको उन्नति र विजयी तथा राम्रो काम देखेर मनमा आउने आनन्द र हर्ष हुने अवस्थालाई मुदिता चित्त भनिन्छ। अपवाद स्वरुप मानिसहरुलेअनैतिक ढंगमा झेल काम गरेर उन्नति र विजयी गर्नेहरु पनि छन्। त्यस्तो अवस्था देखेर मुदिता अर्थात् आनन्दको अनुभव हुन गाऱ्हो छ। यो मुदिता चित्तको उल्टो गुण हो।

उपयुक्त उत्तम तीन गुण महापुरुषमा हुने र हुनुपर्ने गुणहरु हुन्। शान्त वातावरणको उपयोगी गुणहरु हुन्। साधारण मानिसहरुलाई मैत्रीगुण हुने आशा गर्नु राम्रो कुरा भए पनि व्यवहारमा देख्न दुर्लभै छ।

साधारणतया धेरै मानिसहरु अर्काको हानी, अवनति देखेर खुशी र सन्तुष्टि अनुभव गर्छन्। कसैले नराम्रो काम गरेर पतन हुने त्यो अर्कै कुरा हो। निर्दोष व्यक्तिमाथि कुभलो चिताउने राम्रो गुण होइन। मैत्री चित्त र मुदिता चित्त उत्पन्न गरिरहनेलाई अप्ठ्यारो के छ भने सधैं आफू मात्र सुखी हुने, आफू मात्र सज्जन बनी अधार्मिक काम गर्ने मानिसहरुबीच बस्नुपर्दा, अटेरी र मिचाहा प्रवृत्तिसँग बस्नुपर्दा मैत्री, करुणा तथा मुदिता चित्त हराएर जान्छ। त्यसैले बुद्धले उपेक्षा गुणको उपदेश दिनु भएको छ।

४) उपेक्षा- यो ब्रह्मविहारको चौथो गुण हो। यसलाई व्यवहारमा अपनाउनु गाऱ्हो भए पनि अति नै उपयोगी र काम लाग्ने चीज हो। तर साधारण व्यवहारमा नराम्रो भएको मानिसको व्यवहारमा सुधार ल्याउनका लागि तिरस्कार, अनादर, बहिष्कार गरेर दण्ड दिनुपर्ने रहेछ। भगवान् बुद्धले पनि आफ्नै साथी छन्न सारथी भिक्षु बनिसकेपछि उसको



Downloaded from http://dhamma.digital

अहंकारपन हटाउनको लागि बहिष्कार गर्ने ब्रह्मदण्ड (ठूलो दण्ड) दिनु भएको थियो ।

कमलको फूल हिलोमा उत्पन्न भएर पनि हिलोबाट अलग्गै फुलेजस्तै अशिष्ट र मिचाहा स्वभावका मानिसहरुसँग अलिप्त र अनाशक्त भई बस्नु बेश छ । यही उपेक्षा गुण हो ।

उपयुक्त चार गुण ब्रह्मविहार (उत्तम व्यवहार) गुण धर्म अर्थात् उत्तम जीवन बिताउनलाई आवश्यक गुण हुन् । हार-जीतबाट केही असर नपर्ने अवस्थालाई उपेक्षा भनिन्छ ।

◆◆◆



Downloaded from http://dhamma.digital

# मानिसको मन किन अपवित्र हुने गर्छ ?

भगवान् बुद्ध भन्नुहुन्छ –मानिस जन्मिँदा पवित्र हृदय लिएर जन्मिन्छ । "पभंस्सरमिदं भिक्खवे चित्तं अपिच आगन्तुकेहि उपक्किलेसेहि उपक्किलिंट्ठ "(अंगुत्तर निकाय) त्यहि मानिसको चित्त अन्य दूषित चित्त सहितको मानिसहरुको दूषित स्वभाव र दूषित वातावरणको प्रभावले गर्दा विस्तारै अपवित्र हुने गर्छ। तर राम्रो संस्कार बोकेर आएका व्यक्तिलाई भने समाजको नराम्रो हावाले पनि छुन सक्दैन र केही नराम्रो प्रभाव पार्न सक्दैन । उदाहरणको लागि सिद्धार्थ कुमारलाई समाजको दूषित वातावरणले केही पनि असर पार्न सकेन । उदाहरणको लागि कमलको फूल फुल्ने विरुवा हिलोयुक्त पानीमा उम्रिन्छ। त्यही विरुवामा फुलेको कमलको फूल भने हिलो र पानीबाट अलग्ग रही फुल्दै प्रकट हुने गर्छ ।

मनोविज्ञान अनुसार आमा, बुबा, बाजे र बज्यैहरुको वंशानुगत स्वभावले बालबच्चा देखि वृद्ध वृद्धावस्था सम्म असर पारिरहेको हुन्छ। असल एवं खराब स्वभाव भएको व्यक्तिको सतसंगतले गर्दा अन्य व्यक्तिहरुको मन पनि पवित्र र अपवित्र पार्ने गर्छ ।

त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ– असत्पुरुषहरुको संगत नगर्नु, असल विद्वानहरुको संगत गर्नु र यसको लागि बुद्धकालिन घटना एउटा प्रस्तुत गर्नु उपयुक्त होला । अहिंसक नामको एक असल विद्यार्थी खराब एवं ईर्ष्यालु महत्त्वाकांक्षी साथीहरुको झेल जालमा फसी ज्यानमारा अंगुलिमाल बन्न पुग्यो । पछि



Downloaded from http://dhamma.digital

त्यही व्यक्ति बुद्ध जस्तो पवित्र व्यक्तिको सम्पर्कमा आई उहाँको शुद्ध मैत्री र करुणापूर्ण असल सत्य सन्देश सुनेर असल मानिस बन्न पुग्यो । उसले यथार्थ कुरा बुझ्न सफल भयो आफ्नो गल्ती र गुरुको गल्ती तथा असमभ्कदारीलाई बुझी उ बोध भयो र असल व्यक्ति बन्यो ।

हिमालयबाट बगिरहेको स्वच्छ र पवित्र पानी दोलालघाट, पाँचखाल सम्म स्वच्छ पवित्र रुपमा बगिरहेको देखिन्छ । तर त्यही पानी विस्तारै बागमती र विष्णुमती सम्म पुग्दा अपवित्र मात्र होइन साह्रै गन्हाउने स्थितिमा पुगी ढलको रुपमा परिणत हुन पुग्छ । २०,२५ वर्ष पहिले सम्म बागमती विष्णुमतीमा नुहाउन मिल्ने पानी पुग्ने गर्थ्यो । तर हाल बीच बीचमा ढल र फोहर मिसिने गरेकोले त्यही स्वच्छ र पवित्र पानी अपवित्र र अशुद्ध हुन पुग्यो ।

यसरी नै पवित्र हृदय लिएर जन्मेका मानिसहरु पनि समाजका खराब मनोवृत्ति सहितका मानिसहरुको सतसंगतमा परी उनीहरुको मन प्रदुषित हुन पुग्छ । भगवान बुद्धको सादा जीवन र उच्च विचार एवं सिद्धान्तबाट समाज टाढिदै गइरहेको देखिन्छ । सुविधामुखी र महत्त्वाकांक्षी बानीले गर्दा धेरैजसो मानिसहरुको मनमा लोभ लालच बढ्दै गएको देखिन्छ ।

भगवान् बुद्धले चित्त शुद्ध बनाउने उपाय यसरी बताउनु हुन्छ "मानिस सधै सतर्क र सचेत हुन सके अथवा होशियार बन्न सके उसको मन अपवित्र हुनबाट जोगिन सक्छ ।" उहाँ फेरि भन्नुहुन्छ- "जसरी लुगा फाटो मैलो भएमा साबुन पानी लगाएर धुन मिल्छ । अनि त्यही लुगा



Downloaded from http://dhamma.digital

सफा हुने गर्छ ।त्यसरी नै मन पवित्र पार्नको लागि पुण्यरुपी साबुन लगाएर आध्यात्मिक उन्नति धर्मको प्रवचन सुनी आफूलाई धार्मिक कार्यमा लगाउन सक्नुपर्छ । धर्मकर्म गर्ने ठाउँमा उपस्थित हुँदा त्यहाँको शुद्ध वातावरणले कतिपय मानिसको मनमा रीस, ईर्ष्या, लोभ र क्रोध आदि हराएर जान्छ । ज्ञानबर्द्धक कुरा सुन्न पाउँदा मन आनन्दित हुन पुग्छ । त्याग चेतना उत्पन्न हुन्छ । प्रसिद्ध र नाउँ प्रचारको लोभ लिई प्रतिस्पर्धा गर्ने चेतनाले दान गर्दा हाम्रो चित्त शान्त हुन सक्दैन, देखावटीधर्ममा परिणत हुन पुग्छ । चित्त जति निर्मल र पवित्र पार्न सकिन्छ, त्यति नै पुण्यरुपी फल प्राप्त भइरहन्छ । भगवान् बुद्धका शिक्षा अनुसार पाप कर्म नगर्नाले मात्र पुग्दैन पुण्य धर्म कर्म गर्नाले मात्र पनि पुग्दैन, मुख्य कुरो त चित्त शुद्ध हुनु पर्दछ । बुद्धको असल र सही शिक्षा यही नै हो ।

◆◆◆

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# राक्षसको विवेक बुद्धि

भगवान् बुद्ध समय-समयमा करुणा समापत्ति ध्यानमा बसी आज म कसलाई उपकार गरुं भन्ने विचार गर्नु हुन्थ्यो । अनि उहाँको करुणा जालमा आलवक नामक आक्रोश व्यक्ति पऱ्यो । उसलाई स्थानीयवासीद्वारा आलवक राक्षस भनी व्यवहार गरिन्थ्यो । उसले जनतालाई धेरै दुःख दिन्थ्यो । उसको कुरा नमाने मारिदिन्थ्यो । गौतम बुद्धले विचार गर्नुभयो- ऊ आलवी भन्ने ठाउँमा बस्थ्यो । उसको मन ढुङ्गाजस्तो सारो थियो ऊ असल मान्छे बन्छ कि बन्दैन भन्ने चिन्तन बुद्धले गर्नुभयो । आलवक धेरै आक्रोशक छ । म उसकहाँ जान्छु । पहिले म उसको आदेश मान्छु, उसको आदेशलाई मानिसकेपछि उसको मन अलि नरम हुन्छ । उसमा बोध हुने लक्षण छ । उ बुद्धिवान मान्छे हो । केही पूर्व सस्कारले आक्रोशक बनेको छ ।

बुद्ध आलवी भन्ने प्रदेशमा जानुभयो र सरासर आलवकको घरमा जानुभयो । ढोका बन्द थियो । ढोका ढक ढक्याउनु भयो । आलवकको स्वास्नीले ढोका खोलेर सोधिन्- किन ? को र कहाँबाट आउनुभएको ?

बुद्धो उत्तर थियो- म श्रमण गौतम ! आलवकसँग भेट्न आएको ।

अहो ! आलवक राक्षसको कस्तो स्वभावको भनी थाहा छैन ? उहाँ बाहिर जानुभएको छ, एउटा सभामा



Downloaded from http://dhamma.digital

जानुभएको छ । उहाँ सारै आक्रोशक व्यक्ति हुनुहुन्छ । तपाईलाई बाँकी राख्दैन । तपाई जानुस् भनी आलवकको स्वास्नीले भनिन् ।

बुद्ध भन्नुहुन्छ- उनले मलाई केही बिगार्न सक्दैन । म उनकै भलोको लागि आएको हुँ । नआएसम्म मलाई यहाँभित्र बस्नदिए हुन्छ ।

तपाइको त्यही विश्वास हो भने आउनुस् र बस्नुस् भनी ठूलो आसनमा बस्न दिइन् । त्यो आसन आलवक बस्ने थियो । आलवकको स्वास्नीले भनिन्- तपाइ ठूलो धर्मात्मा हुनुहुन्छ । तपाईको नाउँ सुनेको छु । कृपया धर्मको कुरा सुन्न पाए हुन्थ्यो । धर्मको कुरा सुन्न पाए अहो भाग्य ।

बुद्धले जीवन सुखमयको लागि श्रद्धा र चिन्ताबाट मुक्त हुनुपर्छ, व्यवहार राम्रो हुनुपर्छ भनी उपदेश गर्नुभयो । बुद्धको धर्म-उपदेश सुनेर आलवकको स्वास्नी र छोरीहरुको मन साह्रै आनन्दित भई प्रभावित भइन् । त्यही बेला सातागिरी नामक आलवकका साथी त्यहाँ आएको रहेछ । को हो भनी उसले सोध्यो । आलवकको स्वास्नीले भनिन्- उहाँ श्रमण गौतम हुनुहुन्छ । धर्मको कथा भनिरहनु भएको छ । उहाँको धर्म- उपदेश सुनेर मन आनन्दित भएको छ भनी दिएकी परिचय सुनेर सातागिरी पनि बुद्धको धर्म-उपदेश सुनि रह्यो । उनको मनमा पनि शान्तिको अनुभव भयो । कस्तो राम्रोसँग धर्मको कथा भन्नुभयो । धन्य बुद्ध ।

उनको विचार थियो- आलवकले पनि बुद्धको धर्म-उपदेश सुन्यो भने उनको आक्रोशक स्वभाव, राक्षसी स्वभाव हराएर जान्छ कि ? श्रद्धा उत्पन्न हुन्छ कि ? अनि



Downloaded from http://dhamma.digital

परिवारमा शान्ति हुन्छ कि ? यसरी विचार गरी सातागिरी आलवककहाँ गएर श्रमण गौतम घरमा बसी धर्म-उपदेश दिइरहेको कुरा भनिदियो । उसको कुरा सुन्नासाथै आलवक राक्षस स्वभाव प्रकट गरी घरमा पुग्यो । स्वास्नीहरु भागाभाग भइन् र पीरमा परिन् अब के होला ? आलवकले राक्षसी स्वभाव देखाउँदै बुद्धलाई भन्यो- को संग सोधेर मेरो घरमा पसेको ? लाज र भय छैन ? बाहिर निस्क भन्यो । बुद्ध चुपचाप बाहिर निस्कनु भयो । फेरी आलवकले भन्यो- भित्र पस । खुरुखुरु फेरी बुद्धभित्र पस्नु भयो । आलवकले फेरि भन्यो- बाहिर जाउ । बुद्ध चुपचाप निस्कनुभयो । आलवकले फेरि भन्यो- भित्र आउ । बुद्ध भित्र आउनुभयो । यसरी तीन पटक बाहिर जाउ, भित्र आऊ भने पछि आलवकको मन अलि नरम हुनथाल्यो र सोच्यो- बुद्ध ठूलो व्यक्ति भएर पनि मेरो कुरा माने । फेरि आलवकले भन्यो- लाज छैन मेरो घरमा पस्ने ? बाहिर जाउ । अनि बुद्धले भन्नुभयो- 'अब म बाहिर जान्न, तीन चोटी भनेको मानेर बाहिर गएँ र भित्र आएँ ।' आफ्नो घरमा आउने पाहुनालाई तीन पटकसम्म बाहिर जाउ, भित्र आऊ भन्न कतिसम्म उचित छ ? के यो शिष्टाचार हो ? अब म बाहिर जान्न, तिमी के गर्न चाहन्छौ गर । यति सुन्नासाथै आलवक झस्क्यो । सोच्यो, सबै मदेखि डराउँछन् । यो श्रमण गौतममा अवश्य पनि अदृश्य शक्ति होला त्यसैले पटक्कै डर छैन ।

अलवकले भने- एउटा प्रश्न सोध्नु छ, उत्तर दिएनौ भने तिम्रो ढाड भाँचिदिन्छु । प्रश्न सोध्यो- "किंसूध वित्तं पुरिसस्स सेट्ठं, किंसु सुचिण्णो सुखामावहा ति ?" अर्थात्



Downloaded from http://dhamma.digital

मानिसको उत्तम धन के हो ? कुन आचरण गर्दाखेरि सुखमय जीवन बन्छ ?

बुद्धको उत्तर थियो- "सद्धीधवित्तं पुरिसस्स सेट्ठं धम्मोसुचिण्णो सुखमावहाति" अर्थात्- "श्रद्धा मानिसको उत्तम धन हो, धर्माचरण गर्नाले सुखमय जीवन प्राप्त हुन्छ ।" आलवकको प्रश्न थियो- श्रद्धा र धर्माचरण भनेको के हो ?

बुद्धको उत्तर थियो- "तिमीमा श्रद्धा नै छैन । श्रद्धा भएको भए मन कोमल हुन्छ, व्यवहार राम्रो हुन्छ । परस्पर स्नेह र प्रेम हुन्छ । तिम्रा परिवारहरु कस्तो शान्तपूर्वक धर्म कथा सुनिरहे । तिमी घरभित्र पस्नासाथै त्राही भएर भागाभाग भए । यो कस्तो बेमज्जाको कुरा । घर पस्नासाथै स्वास्नीले मुसुमुसु हाँस्दै स्वागत गरे पो राम्रो हुन्छ । अरुले राक्षस भन्छ । यो राम्रो कुरो होइन ।

आलवकले सोच्यो- बुद्ध साँच्चै नै मेरो भलोका लागि मेरो घरमा आउनुभएको हो । म अज्ञानी रहेछु । साँचै नै मेरो स्वभाव राक्षसी हो । त्यसैले सबै डराउँछन् । अबदेखि म ज्ञानी हुन्छु भनी बुद्धसमक्ष क्षमा मागी ज्ञानी बन्न प्रतिवद्ध भए अनि उनको मनमा शान्ति मिल्यो । यो बुद्धको चमत्कार हो ।

◆◆◆



Downloaded from http://dhamma.digital

# जीवन सुखमय हुने चारवस्तु

संसारका मानिसहरु सबैले सुखपूर्वक बाँच्ने इच्छा गर्छन्। दुःखपूर्वक बाँच्ने इच्छा कसैलाई हुँदैन। यो स्वाभाविक हो। तर सुख मन परेपनि मानिसको जीवन सुखबाट झन्-झन् टाढिँदै दुःख पछि-पछि लागिरहेको मात्र देखिन्छ। त्यसैले होला बुद्धले भन्नुभएको- "दुक्खे लोको पतिट्ठितो "अर्थात्- संसार दुःखमा नै डुबेको छ, प्रतिष्ठित छ। कुनै कारणविना दुःख हुने होइन। बुद्धको भनाइअनुसार मानिसलाई दुईवटा कारणले दुःख हुने गर्छन् - १) जति भएपनि नपुग्ने, असन्तुष्ट, तृष्णा। अर्को भाषामा भन्ने हो भने मोजमस्तीपूर्ण विलासी जीवनको इच्छा। त्यस्तै इच्छा र चाहनाले घूस, कमिशन, भ्रष्टाचार, देहव्यापार आदि समस्या देखापरेका छन्।

अर्को कारण-मानिसलाई नभइ नहुने दैनिक आधारभूत आवश्यकता पूरा नहुनु। विहान खाइसकेपछि बेलुकी कसरी हातमुख जोड्नेजस्ता समस्या र आर्थिक अवस्थाले नै अधिकांश गरीबि र दुःखको कारण बनेको छ। जीविका चलाउन पर्याप्त आम्दानी छैन भने मानसिक शान्ति हुँदैन, संस्कृति, सभ्यता र नैतिकता आदि सबै आर्थिकस्रोतमा निर्भर रहेको हुन्छ। तर बुद्धशिक्षा र धर्मअनुसार भौतिक (भोगसम्पत्ति) को मात्र कुरा होइन। आध्यात्मिक उन्नति र चित्त शुद्धताको कुरा हो। अनि मात्र जीवनमा साँच्चैको सुख हुन्छ। अविश्वास



Downloaded from http://dhamma.digital

मात्र हुनु, अनैतिक जीवनभन्दा इमान्दारी, कर्तव्यनिष्ठ हुनु, विश्वास हुनसक्ने खालको जीवन यापनका कारण जीवन उच्चस्तरीय हुन्छ ।

मानिसका जीवनमा आर्थिक सुधार हुनुपर्ने कुरा बुद्धको आर्थिक विचार भएको बुझ्नुपर्छ । बुद्धले मानिसको सुखको लागि चार कुरा पूर्ण हुनु आवश्यक छ भन्नुभएको छ ।

तीहुन् :-

१) अत्थिसुख- खाना, लगाउने वस्त्र, बस्ने ठाउँ, घर, बिरामी हुँदाखेरिऔषधोपचार आदि अति आवश्यक वस्तु आफूसँग छ भने सुख हो । अरु समक्ष हात फैलाउन नपरी चाहिने वस्तु आफूसँग हुने । त्यो पनि इमान्दारीपूर्वक काखीमुनिबाट पसिना बगाई कमाएको वस्तु हुनुपर्छ । अरुलाई दुःख दिएर, शोषण र अनैतिक रुपले, अर्को भाषामा भन्ने हो भने कालो बजारी गरेर कमाएको धनले साँच्चैको सुख प्राप्त हुन सक्दैन ।

धार्मिक जीवनयुक्त जीविका गर्नेले कसैलाई दास बनाउनका लागि मानिसको विक्रि गर्नु, हिंसाको लागि शस्त्र, अस्त्र बेच्नु, मगज बिग्रने र झगडा हुने मादक पदार्थ बेच्नु आदि व्यापार गर्नु हुँदैन । बुद्धले भन्नुभए अनुसार रोजगारमध्ये उत्तम कार्य कृषि हो । खेतीपातिले कसैलाई दुःख हुँदैन, यो बहुपकारी कार्य हो तसर्थ दैनिक जीवनका लागि नभई नहुने वस्तु आफूसँग छ भन्नु एउटा ठूलो सुख हो ।

२) भोगसुख - दुःखकष्ट गरेर कमाएको धन



Downloaded from http://dhamma.digital

आफूलाई मात्र खाने लगाउने र मोजमज्जा गर्नको लागि होइन, समाज सेवा गर्नलाई पनि हो । यसरी आफू खुसी उपभोग गर्न स्वतन्त्रता हुने भोगसुख हो । त्यसैले बुद्धले भन्नुभएको केवल खाना खानेलाई र लगाउनुलाई मात्र पुग्ने गरी कमाएर पुग्दैन, अलि बढीनै कमाउनु पर्छ ।इमान्दारीकासाथ कमाएको धन चारभागमा विभाजन गर्नुपर्छ । एकभाग दैनिक खान, दुईभाग रोजगारमा लगाउन, चौथोभाग पहुनालाई खुवाउन, बिरामी हुँदा उपचारगर्न तथा समाज सेवाको लागि हो । बेइमानीका साथ अरुलाई दुःख दिई रातारात लखपति हुनेगरी कमाएको धन शुद्ध धन होइन । भ्रष्टाचारका कारण प्रधानमन्त्री, राष्ट्रपतिजस्ताहरु समेत जेल चलान भएका खबर अखबारमा छापिने गर्छन् । यस्तो हुन आखिर जत्ति भएपनि नपुग्ने तृष्णाले गर्दा अनुचित, अनैतिक काम गरेर कमाएको धनले बेइज्जत मात्र होइन जेलमा बसेर दुःख भोग्नुपरेको हो । त्यसैले धन भएर मात्र भोगसुख हुँदैन ।भोगसम्पत्ति ५ प्रकारका छन् :-

क) घरखेत आदि अचलसम्पत्ति,

ख) गाइभैंसी आदि पशुसम्पत्ति,

ग) शिल्पशास्त्र हासिल गरिएको विद्यासम्पत्ति,

घ) आफू जहाँ जहाँ पुगिन्छ, त्यहाँ लैजानसक्ने सुनचाँदी सम्पत्ति,

ङ) धर्मकर्म गर्दै जानेजस्तै नैतिकतापूर्णको सुचरित्र जीवन । अर्थात् जहाँ गएपनि मानिसले प्रशंसा गर्ने छायाँजस्तै पछिपछि आइकन सहयोग दिने, भलो हुने सम्पत्ति ।



Downloaded from http://dhamma.digital

३) अनण सुख –ऋणी नहुने सुख, अरुसँग सापटी लिइकन जीविका निर्वाह गर्नु नपर्ने सुख। आम्दानी अनुसार काम गर्ने आउँदैन भने ऋणी हुनुपर्ने हुन्छ। हुन त सामानको भाउ बढेजस्तै आम्दानी पर्याप्त भएन भने पनि अरुसँग पैसा सापटी लिए ऋणी हुनुपर्ने हुन्छ। नेवारहरुको संस्कृति र संस्कार छ– इही यायेगु (बेल विवाह) र गुफा राख्ने (बाह्रा तयेगु) अनि (भ्वासिंपह) उत्ताउलो देखाई भोज भटेरको आयोजना गरी ऋणी हुने गर्छन्। विवाह भोज गर्न र छोरीको विवाहमा दाइजो दिन खेत बन्धकी राख्नेहरु समेत छन्। सापटी नलिइकन जीवन निर्वाह गर्नु पनि ठूलो सुख हो। यस्तो सुख प्राप्त गर्नेहरु कम मात्र होलान् भन्नु अत्युक्ति नहोला। ऋणी हुँदा मानसिक पीरमर्का हुन्छ, शीर ठाडो पारी हिंड्नअप्ठ्यारो हुन्छ। गरीबहरु बिरामी पर्दा अरुसँग औषधोपचारको लागि पैसा सापट लिने गर्छन्। ऋण तिर्न नसकी मृत्यु भयो भने सन्तानलाई कहिल्यै सुख हुँदैन। समाजमा बस्दाखेरि इज्जत प्रतिष्ठा र लोकाचारका लागि पैसा सापटी लिएर काम चलाउनेहरु नभएका होइनन्।धेरैजसो नेवार समाजमा यस्तो अवस्था देखिन्छ। त्यसैले ऋण नबोकी स्वतन्त्र रुपमा बाँच्नु पनि ठूलो सुख हो।

४) अनवज्ज सुख : निर्दोषपूर्ण जीवन निर्वाह गर्नु हो। माथि उल्लेख्य तीन सुखमध्ये यो चौथो निर्दोषपूर्ण जीवन यापनलाई उत्तम जीवन भन्न सकिन्छ। कसैलाई दुःख नदिई बाँच्नु सानो कुरो होइन। कुरा अनुसार काम हुनु र मनलाई शुद्ध पार्नु पर्छ। यो राम्रो कुरा भएपनि आज भोलिको वातावरणमा निर्दोषपूर्वक र इमान्दारीकासाथ जीवन यापन



Downloaded from http://dhamma.digital

गर्नु असम्भव नै नभएपनि गाह्रो चाहीं पक्कै हो। भिक्षु जीवन पनि निर्दोषपूर्वक तवरले बाँच्न गाह्रो छ भन्नुपर्दा अलि अप्ठ्यारो लाग्छ। बोलि राम्रो भएपनि काम र मनलाई शुद्ध पार्नु सजिलो कुरो होइन। तैपनि निर्दोषपूर्ण जीवन पनि ठूलो सुख हो।

माथि उल्लेख भएका चारसुख नहुँदा गृहस्थ जीवन मात्र होइन त्यागी जीवन पनि नैतिकतापूर्ण हुनुपर्छ भन्ने पनि आशा मात्र गर्ने हो, तर जीवन ठीक पार्न गाह्रो पर्छ। प्रयत्न गरे नहुने पनि होइन।

◆◆◆



Downloaded from http://dhamma.digital

# दुःखमुक्त सुखी जीवन

दुःख कसैलाई मनपर्दैन। भगवान् बुद्धको शिक्षाअनुसार जति पनि संसारमा हुन्छ, त्यसको कारण हुन्छ। दुःख हुनुको पनि कारण छ। दुःखको कारण तृष्णा हो।

तृष्णा भनेको जति भए पनि पूरा नहुने। लोभ लालच भएसम्म दुःखबाट मुक्त हुन सक्दैन। दुःखबाट मुक्त हुन सक्छ। दुःखबाट मुक्त हुने बाटो पनि भगवान् बुद्धले देखाउनुभएको छ। त्यो बाटो आर्यअष्टागिंक मार्ग हो।

मुख्य कुरो दृष्टि सोझो हुनुपर्ने, चित्त शुद्ध हुनुपर्ने, जे काम गरे पनि नियत राम्रो हुनुपर्ने, सम्यक्संकल्प हुनुपर्छ। बोलिवचन पनि राम्रै हुनुपर्छ। कामकारवाही पनि एकदम निस्वार्थरुपले हुनुपर्छ, सेवाभावले हुनुपर्छ। प्रयत्न गर्दा पनि मध्यम मार्ग, सम्यक्प्रयत्न हुनुपर्छ। धेरै प्रयत्न पनि गर्नु हुँदैन, अल्छि पनि हुनु हुँदैन। अनि स्मृति ठीक हुनुपर्छ। ठीक ठाउँमा होश हुनुपर्छ, सधैं सतर्क हुनुपर्छ, अनि चित्त एकाग्रता हुनुपर्छ। यो आठवटा मार्ग दुःखबाट मुक्त हुने बाटो र निर्वाण प्राप्त गर्नको लागि भगवान् बुद्धले भन्नुभएका हुन्।

यसरी भगवान् बुद्धले भन्नुभएता पनि भगवान् बुद्धको पालादेखि भिक्षुहरु लोभलालचमा पऱ्यो। धेरै लाभसत्कार पाउनुमा लालच भयो। अनि भगवान् बुद्धले भन्नुभयो- अञ्ञाहि लाभु पनिसा, अञ्ञा निब्बान गामिनी अर्थात्



Downloaded from http://dhamma.digital

निर्वाणको बाटो अर्कै छ, लाभसत्सकारको बाटो अर्कै छ ।

यस कुराले के बुझिन्छ भने निर्वाण सुख दुःखबाट मुक्त हुनको लागि बिल्कुल निस्वार्थ हुनुपर्छ जस्तो लाग्छ । राम्रै काम गरे पनि आशा गर्नु हुदैन । सेवाभावले काम गर्नुपर्छ । धर्म पनि नाश हुनुपर्छ, पाप पनि नाश हुनुपर्छ किनभने बुद्धको शिक्षा अनुसार आशा गरेर धर्म गरेर पनि त्यसको फल भोग्न फेरि जन्म हुनुपर्छ, पाप गरे पनि विपाक भोग्नुपर्छ । त्यसैले निर्वाण प्राप्त गर्नको लागि धर्म पनि नाश हुनुपर्छ, पाप पनि नाश हुनुपर्छ । यो कुरा बुझ्न सजिलो छैन ।

धेरै मानिसहरुले धर्मकर्म गर्ने त्यसको परिणाम राम्रो फल भोग्ने, स्वर्गमा जाने, पछि धेरै सुख होस् भनेर नाउ कमाउनको लागि धर्मकर्म गर्ने हुन्छ । त्यसैले धर्म पनि नाश हुनुपर्छ, पाप पनि नाश हुनुपर्छ, भन्दा धेरै मानिसहरुले कुरा बुझेन, यो पच्ने कुरा भएन । जे भए पनि यदि दुःखबाट मुक्त हुने इच्छा छ भने, निर्वाण जान चाहन्छ भने निस्वार्थ हुनुपर्छ, चित्त शुद्ध हुनुपर्छ ।

विशेषतया बुद्धले भन्नुभएको छ, सँगै बस्दा खेरि अप्रियहरुसँग बस्नुपर्दो रहेछ, कर्त्तव्य पालन नगर्ने, अत्तेरीहरु हुनुसक्छ । बुद्धले भन्नुभएको छ, साच्चै नै सुखपूर्वक बस्न चाहन्छ भने अरुको दोषलाई बिर्सनुपर्छ, अवगुणलाई बिर्सनुपर्छ, कसैको गुण हुनसक्छ, त्यही मात्र सम्झनुपर्छ । अवगुण बिर्सन सके सुखपूर्वक जीवन यापन गर्न सक्छ ।

◆◆◆



Downloaded from http://dhamma.digital

# ज्ञान बाहिरबाट र ज्ञानीहुनु भित्रबाट

साधारणरुपमा पढेलेखेकोलाई विद्वान र शिक्षित भन्ने चलन चल्ती छ । तर बुद्धको शिक्षा अनुसार चाल चलन राम्रो भएको, दिलैदेखि कर्तव्य सम्भी काम गर्ने र सेवा भाव रहेको व्यक्तिलाई विद्वान र शिक्षित भनिन्छ ।

आजभोलि त शिक्षा हासिल गरेर विद्वान बन्छन्, त्यसपछि मालिक बनेर अरुलाई अर्ति दिने र दास बनाउन खोज्वछन्, हुकुम चलाउँछन् । वास्तवमा पढे लेखे अनुसार सेवक बनेर ज्ञानी हुनुपर्ने । पुस्तक पढेर बाहिर बाट ज्ञान हासिल गर्छ तर ज्ञान प्राप्त गरेर आफूले नै महशूस गर्नु पर्ने यो शिक्षित जीवन सफल पनि उपयोगी छ र काम लाग्ने हो । अनि मात्र ज्ञानी बन्न सम्भव हुन्छ । यो कुरा बुझ्नको लागि बुद्ध कालिन घटनात्मक कथा प्रस्तुत गर्छु । म त कथा भन्ने मान्छे ।

खुज्जुत्तरा एकजना श्रेष्ठीकी छोरी थिइन् । कालान्तरमा ती श्यामावतीकी दासी हुन पुगिन् । तिनी काम गर्नेबेला दिलैदेखि श्रद्धापूर्वक काम गर्ने गर्थिन् । तसर्थ खुज्जुत्तरा महारानीलाई मनपर्थ्यो । महारानीलाई जुहीको फूल खूब मन पर्थ्यो । दिनका दिन फूल किन्नको लागि आठ कार्षापण तत्कालीन रुपैयाँ खुज्जुत्तरालाई दिने गर्दथिन् । खुज्जुत्तराले चार रुपैयाँको मात्र फूल किनेर ल्याउँथिन् । चार रुपैयाँ आफ्नो खल्तिमा राख्थिन् ।

एकदिन सुमनमालीले धर्मदेशना गर्न बुद्धलाई आमन्त्रित



Downloaded from http://dhamma.digital

मरेको थियो। सुमन मालीले यथा श्रद्धा भोजनदान, सत्कार सम्मान गरेपछि गौतम बुद्धले उपदेश दिंदै भन्नुभयो- कुनै पनि व्यक्तिले यस्तो काम गर्नु भएन जसले गर्दा सधै डराउदै बस्नु पर्ला। पछि पछुताउनु पर्ला। आचरण र व्यवहार राम्रो भए सधै अरुको विश्वास पात्र बन्न सकिन्छ। विश्वासघातको काम गर्नालेजीवन सुखी हुन सकिंदैन। नेवारीमा उक्तिछ- "लुँ लनेगु सछिको, मनू लनेगु छको।" अर्थात् सुन तौल्ने सयचोटी, मान्छे तौलने एक चोटी।

भगवान् बुद्धले उपदेश दिंदै फेरि भन्नुभयो- राम्रो नराम्रो काम बुझ्नको लागि विवेक बुद्धि र ठीक दृष्टि हुनपर्छ। हृदय पवित्र हुनु पर्छ। विश्वास पात्र बनेर बाँच्न सके मर्ने बेला आनन्द साथ मर्न पाइन्छ। एक दिन त सबै मर्नु पर्ने हुन्छ।

खुज्जुत्तराले खूब ध्यान दिएर सुनिरहिन् र विचार गरिन्- बुद्धले मलाई नै ताकेर उपदेश दिनुभएको जस्तो छ। मैले महारानीको आठ रुपैयाँमा चार रुपैयाँ नाफा खाएको थाहा पाइयो जस्तो लाग्छ। मैले महारानीलाई विश्वासघात गरें। यो नाफा खाने काम गरिरहेकोले सधैं डराउदै दिन काट्दै छु। महारानीले थाहापाएको खण्डमा मलाई बाकि राख्दैन। यो मेरो व्यवहार त राम्रो भएन। एकदिन त सबै छोडेर मर्नु पर्दो रहेछ। मैले दिनका दिन ४ रुपैया नाफा खाइरहेको बानि छोड्नसकेन भने मर्ने बेला पनि सम्झी रहनेछु। तसर्थ यो नराम्रो काम आजदेखि नगर्ने र बुद्धको शिक्षा अनुसार इमान्दारी बनेर महारानीको सेवा गर्ने सम्यक् संकल्प गर्नेछु।

खुज्जुत्तरा खुरुक्क फूल किन्न गइन्। उसले आठै



Downloaded from http://dhamma.digital

रुपैयाको फूल किनेर महारानीलाई दिइन् ।

महारानीले धेरै फूल देखेर सोधे –उत्तरा । आज यत्तिका फूल कहाँबाट आयो नि ?

उत्तरा भनिन्– तपाइंले नै दिनु भएको पैसा हो । तपाईले दिनु भएको आठ रुपैयाँमा चार रुपैयाँको मात्र फुल किनेर ल्याएको थिएँ । आधा मैले नाफा लिने गर्थे । त्यही बचेको पैसाको पनि फूल किनेर ल्याएको छु । आज भगवान् बुद्धको धर्म उपदेश सुनेर बोध भएँ । मैले अपराध गरें हजुर । क्षमा माग्दछु ।

उत्तराको सत्यवादिताबाट महारानी प्रभावित भइन्, खूब खुशी भइन् । रिसाइन । रानीले भनिन्– उत्तरा तिम्रो अपराधलाई क्षमा भयो ।

महारानीले विचार गरिन्– यस्ती अनपढ एउटा अक्षर नजानेकी दासीले भगवान् बुद्धको उपदेश सुनेर बोध भइन् र बुझि लिइन् भने त यो ठूलो कुरा हो । बुद्धको शिक्षा कति कल्याणकारी । अहो । बुद्धका उपदेश उत्तराबाटै सुनेर भाग्यमानी बनौं र जीवन सुखमय बनाऔं । महारानीले खुशी भएर भन्नुभयो– उत्तरा । तिमी आज देखि दासित्वबाट मुक्त भयौं र दरवारको परिवार भयो । तिमी दिनका दिन भगवान् बुद्ध कहाँ गएर उपदेश सुनेर हामीलाई पनि सुनाउन आउनु । त्यो दिनदेखि उत्तरा महारानीहरुको गुरु बनिन् । उत्तराको जीवन एकदम शान्त स्वभावको भयो । रहन सहन राम्रो भयो । झन मन लगाएर सेवागर्न थालिन् ।

उत्तराले ज्ञान बाहिरबाट सिकेर मनन गरेर आफैले आफ्नो कमजोरी महसूस गरेर भित्रैबाटै ज्ञानी भइन् ।

◆◆◆



Downloaded from http://dhamma.digital

# क्लेश भएका र नभएका चार प्रकारका व्यक्तिहरू

गौतम बुद्धले बुद्धत्त्व प्राप्त गर्नुभएको बीस वर्षसम्म भिक्षुसंघ बीच कुनै पनि विकृति उत्पन्न भएको थिएन । पछि बुद्ध प्रमुख भिक्षुसंघलाई अनुशासित रुपमा लाभ सत्कार र सम्मान प्राप्त हुन थालियो । पहिला पहिला वैराग्य भाव लिएर मानिसहरु भिक्षु हुन आउँथे । पछि हुँदा हुदै लाभ सत्कार एवं सुविधामुखी र महत्त्वाकांक्षी भावना सहितका मानिसहरु भिक्षु हुन थाले । भिक्षु निर्लोभी हुनु पर्नेमा महत्वाकांक्षी हुन पुगे। अनुशासित हुनु पर्नेमा आचार संहितालाई वास्ता नगरी स्वेच्छाचारी हुन पुगे। सेवक हुनुपर्नेमा मालिक र विंहाराधिपति हुन पुगे। मैत्री चित्त हुनुपर्नेमा मालिक र विंहाराधिपति हुन पुगे । मैत्री चित्त हुनुपर्नेमा ईर्ष्या र क्रोध गर्नथाले । बुद्धकालिन समय देखि फैलिएको रोग हो यो । यस्तो अवस्था आएपछि भगवान् बुद्ध स्वयं भिक्षु संघलाई अनुशासित बनाउन अनुत्साहित हुनु पुग्नुभयो ।

एकदिन भिक्षु भद्दालिले भगवान बुद्धसंग यस्तो प्रश्न राख्नुभयो -

भन्ते! हजुरले कोही भिक्षुलाई सानो गल्ती गरेवापत पनि सम्झाई बुझाई उपदेश दिनुभई तालिम दिने गर्नुहुन्छ भने कसैलाई यसरी उपदेश नदिई उपेक्षा गर्नुहुन्छ किन होला ?



Downloaded from http://dhamma.digital

उक्त भिक्षुलाई भगवान् बुद्धले यसरी उत्तर दिनुभएको थियो- "अनुशासित र श्रद्धापूर्वक भिक्षु भएका व्यक्तिलाई मैले सम्मान गर्छु। तर अट्टेरी र मिचाहा प्रवृत्तिका व्यक्तिलाई मैले सम्झाइरहने काम गर्दिन। (भद्दालि सूत्र मज्झिम निकाय)

त्यसपछि गौतम बुद्धले भिक्षुहरुलाई तालिम दिने कामको जिम्मा उहाँका प्रमुख शिष्य सारीपुत्र महास्थविरलाई सुम्पनु भयो। यही सिलसिलामा एकदिन सारीपुत्र महास्थविरले भिक्षुसंघलाई जम्मागरी धर्मोपदेश दिंदै भन्नुभयो- "भिक्षुहरु हो। यस संसारमा चार प्रकारका व्यक्तिहरु छन् -

१) क्लेश अर्थात् आफूले गल्ती गरेर पनि ढाकछोपगरी गलती महशूस नगर्ने व्यक्ति।

२) आफूमा रहेका गल्ती र क्लेशलाई महशूस गर्ने व्यक्ति।

३) आफूले गल्ती गरेर पनि गलती भइरहेको थाहा नपाउने व्यक्ति।

४) आफ्नो गल्ती नभएकोलाई गलती छैन भनी थाहा पाएको व्यक्ति।

यी चार प्रकारका व्यक्तिहरु मध्ये १ नं. र ३ नं. का व्यक्तिहरु नीच र हीन व्यक्ति हुन्। तर २ नं. र ४ नं.का व्यक्तिहरु भने उच्चस्तरका प्रशंसनिय व्यक्तिको रुपमा गनिन्छ।

यो उपदेश सुनिरहेको भिक्षुहरुले भिक्षु सारीपुत्रको उपदेश बुझ्न नसकी प्रश्न गरे-

"भन्ते सारीपुत्र। क्लेश अर्थात् गल्ती भएका दुबै जना



Downloaded from http://dhamma.digital

व्यक्तिहरुमध्ये एकजना नीच र एकजना उत्तम कसरी हुनसक्छ र । फेरि क्लेश अर्थात् गल्ती नभएका दुई व्यक्तिहरु मध्ये एक जना नीच र एकजना उत्तम कसरी हुनसक्छ र ? यसलाई अलि स्पष्ट पारिदिनु भए बेस हुनेथियो ।"

त्यसो भए राम्ररी ध्यान दिएर सुन्नुस् भन्नुहुँदै सारीपुत्र भन्तेले स्पष्टीकरण दिनुभयो- आफूमा क्लेश गल्ती एवं कमजोरी हुँदा हुँदै त्यसलाई महशूस गर्न नसकी बेहोशी बन्ने व्यक्तिहरुले पटक पटक गल्ती दोहोऱ्याउँदै जान्छन् । त्यसैले त्यस्तो व्यक्तिमा अहंकार, महत्त्वकांक्षी स्वभाव उत्पन्न हुन्दै जान्छ । यस्ता व्यक्तिहरुलाई नीच कार्यहरु गर्न पछि हट्दैनन् । त्यसैले यस्ता व्यक्तिहरुलाई नीच व्यक्ति भनिन्छ ।

मैद्गल्यायन भन्तेले प्रार्थना गर्नुभयो- "भन्ते ! तपाईले अरु पनि केही उदाहरण दिई प्रष्ट पार्नु हुन्छ कि ?"

सारीपुत्र महास्थविरले फेरि उदाहरण दिनुहुँदै भन्नुभयो - "कुनै व्यक्तिले पसलबाट एउटा पुरानो र अर्को नयाँ भाडो किनेर ल्याइएको छ । ती दुईवटा नै भाडाहरु प्रयोगमा नल्याइकन फोहरहरु राख्ने ठाउँमा थन्काइराखेमा के हुन्छ ? पुरानो भाडो त झन् पुरानो भई खिया लागेर काम नलाग्नेहुनेछ । नयाँ भाडो पनि प्रयोगमा नल्याइएको कारणले धूलो र कसिंगरले भरिएर अपवित्र र फोहर देखिने हुन्छ ।

यसरी नै माथि उल्लेख गरिएका दुईजना व्यक्तिहरु मध्ये गल्ती गरे पनि ढाकछोप गर्ने व्यक्तिले झन्झन् गल्ती कार्यहरु दोहऱ्याउँदै जान्छ र उ नीच एवं काम नलाग्ने व्यक्ति भएर



Downloaded from http://dhamma.digital

जानेछ भने गल्ती गरेको चाल नै नपाउने व्यक्तिले नजानीकन नै गलती गर्दै अगाडि बढीरहेको हुन्छ । जसले गर्दा उसले आफूलाई राम्रो मार्गमा मोड्न कठिन हुनेछ ।

तर गल्ती गरेपछि आफूले गल्ती गरें भन्ने कुरालाई महशूस गर्ने व्यक्तिले आफूले गरेको गल्ती एवं कमजोरी, ईर्ष्या, डाह र महत्त्वाकांक्षी स्वभावलाई हटाउन सक्नेछ । यदि गलती कार्य उसबाट हुन पुगेको नै छैन भन्ने थाहा पाएमा पछिपछि पनि उसले त्यस्तो गल्ती हुने काम गर्दैन ।

जसरी पुरानो भाडो र नयाँ भाडोलाई दिनका दिन सफा गरी खरानी र साबुनले माझेर पखालेर प्रयोगमा ल्याउन सकेमात्र त्यो भाडो सधै चम्किरहन्छ । त्यसरी नै आफूले आफैलाई जाँचबुझ गरी खराब कार्य गर्नुबाट होशियार हुन सकेमा हामीले आफूलाई पवित्र एवं असल व्यक्ति बनाउन सक्षम हुनेछौं ।

सारीपुत्र भन्तेको यो उपदेश सुनी अट्टेरी र महत्त्वकांक्षी भिक्षुहरुले शिक्षा लिइ अनुशासित, सदाचारी उवं असल मानिस बन्न सक्षम भए । यस घटनाबाट हामीले यसरी शिक्षा लिन सक्छौं- "गल्ती जोसुकैबाट पनि हुन्नसक्छ, तर आफूले गरेको गल्तीलाई महशूस गरी त्यसलाई फेरि फेरि दोहरिन दिन हुन्न । जसले गल्ती दोहऱ्याउँछ उसले आफैलाई नोक्सान पुऱ्याइरहेको हुन्छ ।"

◆◆◆



Downloaded from http://dhamma.digital

# धर्म प्रचार र हृदय परिवर्तन

बोधिज्ञान प्राप्त गरी बुद्ध हुनुभएपछि भगवान् बुद्धले बनारस नजिक सारनाथमा प्रथम पटक धर्म चक्र प्रवर्तन गर्नु भएको थियो । धर्मचक्रको अर्थ धर्म आचरणमा निरन्तरता दिनु र मध्यम मार्गको अनुशरण गर्नु हो । मध्यम मार्ग भनेको समाजमा व्याप्त भइरहेको अति विलासीमय जीवन र अति कष्टपूर्ण जीवनबाट टाढा रही मध्यम जीवन अर्थात् सरल र साधारण जीवनयापन गर्नु हो ।

भगवान् बुद्ध आफू स्वयंले यस मध्यम जीवन अनुभव गर्नुभई यस प्रकारको जीवन अति उपयोगी महशुस गर्नुभई यसलाई जनमानसमा प्रचार गर्नु भएको थियो । त्यसपछि उहाँले तत्कालिन भिक्षुसंघलाई तीन महिनासम्म मध्यम मार्ग विषयमा तालिम दिनुभई तालिम प्राप्त भिक्षुसंघलाई यसरी निर्देशन दिनुभयो- "भिक्षुहरु हो ! अब हामी सबै प्रकारका बन्धनहरुबाट मुक्त भयौं । त्यसैले हामी एउटै ठाउँमा मात्र नबसी हरेक गाउँ र नगरहरुमा एक एकजना खटेर गई बहुजन हिताय र बहुजन सुखायको लागि विचरण गरौं । जनताहरु धेरै अज्ञानी छन् । तिनीहरुको हृदय संकीर्ण र संकुचित छन्, फराकिलो छैन । उनीहरुमा जीवनलाई कसरी सुखमय पार्ने भन्ने सुखपूर्वक जिउने ज्ञान छैन । आआफ्नो आचरण शुद्ध बनाउनु पर्ने विषयमा पनि ज्ञान छैन । लोभ



Downloaded from http://dhamma.digital

लालच र ईर्ष्यालु स्वभावले ग्रष्ट छन्। "

माथि उल्लेखित बुद्धको निर्देशनमा बहुजन हिताय र वहुजन सुखायको लागि विचरण गरौं भन्नुको तात्पर्य के होला ? यसबारे एकपटक विचार गरौं। यहाँ बहुजन शब्दको मात्र प्रयोग गरिएको छ ।सर्वजन भनिएको छैन । बहुजन हिताय भनेको मानिसहरुको घर घरमा गई उनीहरुको घरायसी काममा सघाइदिनु, धान रोपिदिनु र भारी बोकीदिनु भन्नु भएको त अवश्यपनि होइन होला ।यहाँ बुझ्नुपर्ने कुरो धेरैजसो मानिसहरुको चरित्र शुद्ध छैन । अलिकति पनि सहनशील पूर्वक र सन्तोषपूर्वक बस्ने बानी छैन उनीहरुमा । त्यस्ता अज्ञानी व्यक्तिहरुलाई शान्तपूर्वक जीवन यापन गर्न सकिने नैतिक शिक्षा अर्थात् सदाचार आचरणको उपदेश दिने कार्यलाई नै वहुजन हित र सुखको लागि विचरण गरौं भन्नुभएको हो । भिक्षुहरुको शान्तपूर्ण जीवन देखेर उहाँहरुको तर्फबाट राम्रो व्यवहार र आचरण शुद्धिको कुरा सुनेर कतिपय मानिसहरु प्रभावित भई उनीहरुको हृदय परिवर्तन हुन सक्छ । यसरी आचरण शुद्ध भई हृदय परिवर्तन हुन सकेमा समाजमा शान्तपूर्ण वातावरण स्थापित हुन टेवा पुग्न सक्छ । तब मात्र शान्ति मिल्नेछ । यहाँ बहुजन हिताय् बहुजन सुखायको अर्थ यही नै हो । यस्तो कार्यलाई नै धर्मप्रचार कार्य भनिएको हो । विहार (मन्दिर ) बनाएर बुद्ध मूर्ति स्थापना गर्ने, महापरित्राण पाठ गराउने, बुद्ध पूजा र धर्मदेशना गराउने, पत्र पत्रिका र पुस्तकहरु छापेर वितरण गर्ने कार्यलाई पनि धर्मप्रचार भनिए पनि यी सबै धर्म प्रचारका साधनहरु मात्र हुन् । बुद्ध शिक्षा र धर्म चीरस्थायी गराउने तरीकाहरु



Downloaded from http://dhamma.digital

त यसरी छन् -

धर्मप्रचारकहरुको आचरण र चरित्र असल हुनु, सहनशील हुनु, त्यागी स्वभाव हुनु, निस्वार्थ रुपमा सेवाभाव हुनु। धर्म प्रचारकहरुमा आक्रोश र आक्रमक स्वभाव नहुनु अति महत्त्वपूर्ण कुरो हो।

बुद्ध अनुयायीहरुमा बुद्ध पूजा गरी भक्ति मार्गमा लाग्नुका साथै आचरण शुद्ध गर्ने ज्ञानमार्गमा लाग्ने अभ्यास गर्नु पनि अत्यावश्यक छ। देखावटी आडम्बरी धर्म कार्यबाट अलग्ग रहनु राम्रो हुनेछ। एकपटक एकजना ब्राह्मणले भगवान् बुद्धसंग यसरी प्रश्न गरेको रहेछ- "तपाईँको जात के हो ? "

यो प्रश्न सुनी भगवान बुद्धले भन्नु भयो- "तपाईलाई जात किन चाहियो? आचरण सोध्नु राम्रो हुनेछ।"

भगवान् बुद्धले दिनुभएको जवाफले पनि प्रष्ट पारेको छ। आचरण प्रमुख कुरो हो। आचरण राम्रो हुनु नै धर्म प्रचारको लागि महत्त्वपूर्ण कुरो हो। बुद्ध शासन चीरस्थायी गर्नको लागि यही कुरो आवश्यक छ।

भिक्षु र श्रमणहरुको महत्त्व विषयमा पनि एकपटक विचार गरौं। राजा अशोकको निग्रोध नाम गरेको श्रामणेर (नवक भिक्षु ) संग भेट भयो।श्रामणेर निग्रोधको शान्तपूर्ण रुप देखेर प्रभावित भएका राजा अशोकले उनीसंग यसरी प्रश्न राखे -"तिमी को हौ। "

श्रामणेरको उत्तर यसरी आएको थियो- "म भगवान् बुद्धको अनुयायी धर्मप्रचारक श्रमण हुँ"।

राजा अशोकले श्रामणेर संग फेरि प्रश्न गऱ्यो-



Downloaded from http://dhamma.digital

"बुद्धको शिक्षा बताउन सक्छौ ? "श्रामणेरले उत्तर दियो- "धेरै मानिसहरुलाई मारेर जित्नु भन्दा आफ्नो मनलाई जित्न सक्नु नै ठूलो विजय हो। अप्रमादी जीवन अर्थात् होशीयारीपूर्वक जीवनयापन गर्नु अमृत पथमा लुगे सरह हुनेछ। तर प्रमादी (बेहोशी बनी लापरवाही जीवन यापन गर्नु) नै मरेतुल्य हुनेछ।"

श्रमणको यस्तो सद्उपदेश सुनी, श्रमणको शान्त स्वभावले अत्यन्त प्रभावित भएका राजा अशोकको हृदय परिवर्तन भयो। उसले आफ्नो महत्त्वकांक्षी स्वभाव त्यागी आफ्नो गल्ती महशूस गर्दै श्रमण निग्रोधको तर्फबाट बुद्ध शिक्षा अनुशरण गर्ने मौका प्राप्त भयो। फलस्वरुप उसले हिंसा कार्य त्यागेर अहिंसा पथमा लाग्न शुरु गरे। यही कार्य विश्वको लागि बहुजन हिताय बहुजन सुखायको मार्ग हुन पुग्यो।

◆◆◆

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# वर्षावास र कथिन उत्सव

कथिन चीवर दान वर्षावासपछि शुरु हुने हो । वर्षावास बस्ने नियम जैनबाट शुरु भएको हो । भगवान् बुद्धले भिक्षुहरुप्रति करुणा राख्नुभई यो नियम बनाउनु भएको थियो किनभने बुद्धकालमा धेरै वर्षा हुने गर्दथ्यो । हाल पनि वर्षा हुन्छ नै ।

वर्षा समयमा चारिका गर्न जाँदा भिक्षुहरु भिज्ने गर्दथे । राम्रो बाटो नहुँदा चिप्लिन्थे, लड्थे अनि खेतबाट पनि जानु पर्दथे । त्यसबेला भिक्षुहरु अहिलेभैं एकै ठाउँमा बस्ने गर्दैनथे । अप्रसन्नहरुलाई प्रसन्न बनाउन तथा प्रसन्नहरुलाई अभै प्रसन्न गराउन भिक्षुहरु निरन्तर चारिका गरिरहन्थे । विभिन्न समस्याहरुलाई हटाउन तथा भिक्षुहरुलाई बिर्सेको नियम सम्भाउन पनि वर्षावास बस्ने नियम बुद्धशिक्षामा आइरहेको छ । यो राम्रो परम्परा मान्न सकिन्छ ।

वर्षावास तीन महिना एकै ठाउँमा बस्ने नियम भए पनि भगवान् बुद्ध करुणावान् थिए । तसर्थ वर्षावासभित्र पनि ६ दिनसम्म बाहिर बास बस्न हुने नियम बनाउनु भयो । बुद्धको समयमा प्रवचन सुन्न इच्छुक उपासक उपासिकाहरु धर्मउपदेश दिन र बिरामी परिवारलाई भेट्न जानको लागि बाहिर जान हुने नियम बनाउनुभएको छ ।

भगवान् बुद्ध नियममा कट्टर थिएन । उहाँले समय र परिस्थितिलाई हेर्नु भएर नियमलाई आवश्यकता अनुसार



Downloaded from http://dhamma.digital

परिवर्तन गर्नुभएको छ । यो उहाँको प्रजातन्त्रवाद थियो ।

बुद्धको समयमा भिक्षुहरु टाढा टाढासम्म वर्षावास बस्ने जाने गर्दथे । त्यहाँको मानिसहरुलाई धेरै उपकार हुने धर्मउपदेश दिने गर्दथे । तसर्थ बुद्धकै स्वीकृति अनुसार उत्सव गरेर वर्षावास बसेका भिक्षुहरुलाई कथिन चीवर दान दिने गर्दथे ।

बुद्धको समयमा ३० जना भिक्षुहरुका कारणले बुद्धले कथिन चविर दान लिने र दिने अनुमति दिनुभएको थियो । उनीहरुलाई वर्षावासको लगत्तै बुद्धलाई भेट्न भनी आउँदा वर्षाले भिज्यो, हिलोले चीवर सबै फोहोर भयो तर फेर्नका लागि अर्को चीवर थिएन । यस्तो कष्टपूर्वक आएका भिक्षुहरुलाई देखेर नै बुद्धले कथिन चीवर दानको नियम बनाउनु भएको थियो ।

कथिन भनेको गाऱ्हो पनि हो, बलियो पनि हो । नियमपूर्वक वर्षावास बसेका भिक्षुहरुलाई श्रद्धाले दिने दान भएकोले कथिन चीवर दान भनिएको हो । वर्षावास बस्ने धेरै भिक्षुहरु भए पनि यो दान संघलाई दिने नियम छ । यसले वैराग्य र त्यागी जीवन बिताउन प्रेरणा दिन्छ ।

आजको सन्दर्भमा यो कथिन उत्सबले गर्दा फाइदै देखिन्छ । श्रद्धावान्हरुले कथा सुन्ने अवसर पाउँछ । यथा श्रद्धा दान दिन पाउँछ । पुण्य गर्न पाउँछ । नयाँ संस्कृतिको रुपमा देखिएको यो परम्परा कर बर र इज्जत जाने डरले गर्न थाले यो विकृतिको रुपमा आउन सक्छ । यो कुरामा होश राख्नुपर्छ ।

◆◆◆



Downloaded from http://dhamma.digital

# श्रद्धा र प्रज्ञा

गौतम बुद्धले मानिसको जीवन उज्जल हुने सातवटा गुणाधर्म बताउनुभएको छ । यसलाई आर्य धन पनि भनिन्छ । ती हुन् :-

१) श्रद्धा- विश्वास, प्रसन्न मन,

२) शील- सदाचार र बानी राम्रो बनाइ राख्नु,

३) लज्जा- नराम्रो काम गर्नमा लाज मान्नु,

४) भय- अयोग्य काम गर्नमा अरुले केही भन्ला भन्ने डर हुनु,

५) श्रुत- सुनी-पढी जाने बुझेको हुनु,

६) त्याग- कञ्जुसी स्वभाव नहुनु,

७) प्रज्ञा- विवेक बुद्धि । हो-होइन, हुन्छ-हुँदैन राम्ररी जान्नसक्ने विशेष बुद्धि ।

यहाँ श्रद्धा र प्रज्ञाको मात्र चर्चा गरिन्छ । श्रद्धा र प्रज्ञा दुईवटा नङ र मासुजस्तै सम्बन्ध भएको गुण हो । श्रद्धामा प्रज्ञा रहेन भने अन्ध विश्वास बन्नसक्छ । त्यस्तै प्रज्ञामा श्रद्धा भएन भने स्वार्थी बन्न सक्छ । श्रद्धारहित प्रज्ञाले जे बोले पनि, काम गरे पनि आफूलाई लाभ र फाइदा हुने खालको मात्र गर्छन् । श्रद्धा दुईथरि छन् :-

१. अन्ध श्रद्धा- अशुद्ध श्रद्धा । ठीक छ छैन, राम्ररी नबुझी हाहामा लागेर विश्वास हुनेलाई अन्ध श्रद्धा



Downloaded from http://dhamma.digital

भनिन्छ। ज्ञान लिनेतिर ध्यान नदिई चमत्कार अलौकिक शक्ति, आकाश मार्गबाट उडेर जानेपट्टि आकर्षित हुनु प्रज्ञा नभएको श्रद्धा अन्ध श्रद्धा हो।

**श्रद्धाको लक्षण –**

दस्सनकामो सीलवतं सद्धम्मं सोतुमिच्छति,
विनेय्य मच्छेर मलं सवे सद्धोति वुच्चति।

अर्थ – शीलवान दर्शन गर्न इच्छा भएको, धर्मको कुरा सुन्ने इच्छा भएको, कपटीस्वभाव नभएकोलाई श्रद्धावान भनिन्छ।

साधारण मानिसहरुले श्रद्धाभनेको केही धर्मकर्म गर्ने ठाउँमा मात्र प्रयोग गरिरहेको छ। जस्तो कि सबैले केही देवताको मूर्ति भएको ठाउँमा फूल, धूप, चामल राखी पूजा गऱ्यो भने उसलाई श्रद्धा भएको भन्थ्यो। तर बुद्धको भनाइअनुसार त्यसरी फूल राखी पूजा गर्नाको साथै घरघरमा काम गर्नेमा पनि श्रद्धा हुनुपर्छ। मतलब दिलैदेखि बुझेर राम्ररी काम गर्नुपर्छ। श्रद्धाले काम गर्ने गर्दा काम राम्रो हुन्छ।

अब फेरि एकपल्ट अशुद्ध श्रद्धा र शुद्ध श्रद्धाको कुरालाइ चर्चा गरौं। भगवान् बुद्ध ८० वर्षको उमेरमा महापरनिर्वाण (निधन) हुनुभयो। महापरिनिर्वाण हुनुपूर्व उहाँले भिक्षुहरुला बोलाएर भन्नुभयो– "म सदाको लागि यो शरीर छोडे जाँदैछु। तिमीहरु लापरवाही नगर्नु। सतर्क र होश राखे बस्नु। अप्पमादेन सम्पादेथ अर्थात् "होशियारीपूर्वक बस्न अल्छि नहुनु।"

यति कुरा सुनेर पृथक्जन (क्लेश बाँकी रहेका अज्ञानी



Downloaded from http://dhamma.digital

भिक्षुहरु ल्वावासी मच्चाउन थाले । त्यसमध्ये ज्ञान भएको धम्माराम भन्ने भिक्षुले विचार गऱ्यो, अहो । बुद्ध भएसम्म होश नराखी अल्छि भई बसे । अब उहाँको महापरिनिर्वाण (मृत्यु) हुन लागेको छ । अहिले समय बाँकी छ, म प्रयत्न र उत्साह गरेर मनमा भएको क्लेश र कुसंस्कार नराम्रा बानीलाई हटाइदिनेछु ।

यसरी विचार गरी त्यो भिक्षु एक रुखमुनि गएर आनापानस्मृति (श्वासभित्र आएको बाहिर गएकोमा ध्यान राख्ने भावना, आफूले आफैलाई चिन्ने अर्न्तमूखी हुने अभ्यास गर्ने ) अभ्यास गर्न थाल्यो । विपश्यना ध्यान गरेर आफूभित्रको क्लेशमल सबै जडैदेखि फाल्ने प्रयासमा लाग्नथाल्यो । यता बुद्ध महारिनिर्वाण (निधन) हुने भयो भनी रोइरहेका भिक्षुहरुले धम्माराम भिक्षु एकजनालाई त्यहाँ नदेखेर कहाँ गयो भनी खोज्न गए । एउटा रुखमुनि आँखा चिम्लेर ध्यान गरिराखेको धम्माराम भिक्षुलाई देखेर उनीहरुले भने -"ए तिम्रो मुटुमा रगत छैन ? हामी त बुद्ध महापरिनिर्वाण हुन लाग्यो भनेर सारै चित्त दुखाएर रोइराख्यौं । तिमीलाई चित्त दुख्दैनौ ? "

त्यो भिक्षुले नसुनेजस्तो गरी विपश्यना ध्यान नै गरि रह्यो । अज्ञानी भिक्षुहरुले उसलाई बाहु समातेर बुद्धकहाँ लगे ।

गौतम बुद्धले सोध्नुभयो - "किन उसलाई जबर्जस्ती यहाँ ल्याएको ? "

भिक्षुहरुले भने- मुटुमा रगत नभएको यो भिक्षुमा



Downloaded from http://dhamma.digital

तपाइप्रति श्रद्धा नै छैन। तपाई महापरिनिर्वाण हुन लाग्नुभयो, तर यसको मनमा कति पनि दुःख छैन।

गौतम बुद्धले सोध्नुभयो- "हो र धम्माराम, तिमिमा म प्रति श्रद्धा नभएको हो ?"

धम्माराम भिक्षुले भन्यो- "भो शास्ता, रोएर के फाइदा ? त्यसैले तपाई हुँदामै मार्गफल (निर्वाण) ज्ञान प्राप्त गर्नेछु भनी विपश्यना ध्यान गरी नराम्रो बानी त्याग्ने प्रयत्न गरिरहेको हुँ।"

अनि बुद्धले भन्नुभयो- "हे अज्ञानी भिक्षुहरु, तिमीहरु रोएर बसिराख्नेको श्रद्धा सक्कली होइन। त्यो धम्माराम भिक्षुको श्रद्धा शुद्ध र सही हो। तिमीहरुमा ज्ञान छैन, मूर्ख भएर बस्यो। अप्रमादी- अल्छिरहित भई आध्यात्मिक उन्नति गरी आचरण राम्रो गरेमा मात्र मप्रति श्रद्धा राखेको हुनेछ।

यहाँनिर प्रशेनजीत कोशल राजाले बुद्धप्रति श्रद्धा राखेको कुरा पनि स्मरणीय छ। ती कोशल राजा बुद्धकहाँ गएर बुद्धको दुईटै खुट्टा समातेर म्वाई खाइरहयो। अनि भगवान् बुद्धले सोध्नुभयो- "महाराज, मप्रति यति धेरै श्रद्धा भएको कारण के हो ?"

कोशल राजाले भने- "तपाई ज्ञानीको के कुरा गर्नु ? तपाईका शिष्य भिक्षुहरु पनि कति ज्ञानी, कति शान्तपूर्वक बाटोमा हिंड्छन्। स्वभाव नै कति शान्त छ। सबैभन्दा आश्चर्यलाग्दो कुरा त तपाईले धर्मदेशना गर्नुहुँदा सयौं भिक्षुहरु फिटिक्क नचली बसिराख्छन्। कुनैबेला एकजना भिक्षुले खोक्न लाग्दा पनि संगैको भिक्षुले हातले थिची मौन बस्न



Downloaded from http://dhamma.digital

इशारा गरे । तपाईंले कसरी यति धेरैलाई राम्ररी तालिम गरिरख्नुभयो ? "

कोशल राजाले फेरि भने -"भो शास्ता, म एकजना राजा । मैले मन्त्रीहरुलाई, भारदारहरुलाई काममा राखेको छु, गाड़ि दिइराखेको छु । तर पनि उनीहरु मैले भनेजस्तो छैन, मेरो कुरा सुन्दैन । मुखको अगिल्तिर मात्र ठिक्क गरी मान गर्दछन् । पछाडि पछाडि त के के भन्छ के के । मप्रति साँच्चैको श्रद्धा छैन । मैले पनि शुद्ध श्रद्धाले तपाईलाई मान गरिरहेको छु, तर तपाइको उपदेशअनुसार काम गर्न नसकेकोले भारदार तथा जनताहरुले मप्रति श्रद्धा नराखेको भन्ने शंका छ । तपाईको चरित्र शुद्ध छ ।"

यसरी श्रद्धाको महिमा धेरै छ । संक्षेपमा भन्ने हो भने पैसा र मानिसको मूल्य अभिवृद्धि गर्ने भनेको नै बुद्धको उपदेशसरि सत्पुरुष धन श्रद्धा र प्रज्ञाले नै हो ।

धनको मूल्य हुने प्रज्ञाले पनि हो । प्रज्ञा भनेको विवेक बुद्धि हो । ठाउँ र परिस्थिति हेरेर काम गर्न जान्ने, कुरा गर्न जान्ने स्थानोचित प्रज्ञा भनिन्छ भनी बुद्धले भन्नुभएको कुरा यहाँ स्मरणीय छ ।

अब प्रज्ञाको व्यवहारिक पक्षतिर एकपल्ट जाऔं । प्रज्ञामा श्रद्धा भएन भने अरुलाई पतन गराउन खोज्छ । छलकपट गर्न खोज्छ । स्वार्थी हुन्छ । करुणा र दया भन्ने उसमा हुँदैन । श्रद्धा र करुणा नभएको प्रज्ञाको एउटा उदाहरण उल्लेख गरौं । भनुं कि एकजना मानिस रत्नपार्कमा पुगेर सोध्यो- "स्वयम्भू कति टाढा छ ? उसले सोधेको एकजना वकिललाई रहेछ । वकिलले भन्यो- "सरासर जाँदा पुग्छ ।"



Downloaded from http://dhamma.digital

त्यो मानिस आश्चर्य भइराख्यो– "सरासर गयो भने पुग्छ भनेर उसले भन्नु पर्छ र ? "

त्यो मान्छे सरासर भोटाहिटीतर्फ बढ्यो । एकैछिनपछि वकिलले बोलाएर भन्यो– "एक घण्टामा तिमी स्वयम्भू पुग्नेछौ । "

त्यो मानिसले सोध्यो– "यो कुरा अघि नै किन न भनेको त ? "

वकिलले भन्यो– मलाई थाहा छ र ? तिम्मी कछुवा जस्तै बिस्तारै जाने हो कि अथवा खरायो जस्तै दौडिने हो । अब तिमी हिंडेको देखेर थाहा पाएँ नि तिमी एक घण्टामा पुग्नेछौं ।"

स्वयम्भू जानलाई आएको मानिस लाटो भएर रह्यो । प्रायः वकिल भन्नेले धर्मात्मालाई पापी, पापीलाई धर्मात्मा बनाउन सक्छ । यो श्रद्धा र करुणा नभएको प्रज्ञा चिन्ह हो ।

केही वर्ष पहिले सर्वोच्चले सरकार र स्कूलमा नेपाल भाषा– नेवार भाषा) प्रयोग गर्न हुन्न भन्ने जुन निर्णय गर्‍यो, न्यायधिश विद्वान भएपनि श्रद्धाहीन प्रज्ञा भएको हुनाले पक्षपात गरी अन्यायी रुपले जनजाति र स्थानीय भाषालाई तल पारेर गरेको निर्णय श्रद्धा नभएको प्रज्ञाको लक्षण हो ।

◆◆◆



Downloaded from http://dhamma.digital

# कंजूस साहू बोध भयो

एकदिन श्रावस्ती निवासी उपासकहरुले भगवान् बुद्ध प्रमुख भिक्षु संघलाई भोजन दान दिने कार्यक्रमको आयोजना गरेका थिए। भोजनोपरान्त तथागतले उपासकहरुलाई उपदेश दिनुहुँदै भन्नुभयो- "संसारमा दान दिने व्यक्तिहरु चार प्रकारका छन्।

१. आफै एक्लैले मात्र दान दिन खोज्ने अर्थात् अरुलाई दान दिन लगाउन नचाहने।
२. आफूले पनि दान दिने र अरुलाई पनि दान दिनमा प्रेरणा दिने।
३. आफूले भने दान नदिने अरुलाई दान दिनुपर्छ भन्ने अर्ती दिँदै हिड्ने।
४. आफूले पनि दान नदिने अरुलाई पनि दान दिलाउन नखोज्ने।

यी चार प्रकारका व्यक्तिहरु मध्ये आफूले पनि दान दिने र अरुलाई पनि दान दिनलाई प्रेरणा दिने व्यक्तिको चरित्रलाई उत्तम मान्न सकिन्छ। यस्तो चरित्रको व्यक्ति सबैको विश्वासिलो व्यक्ति बन्न सक्ने हुनाले उसलाई सहयोग गर्ने सहयोगीहरु वा इष्टमित्रहरु धेरै हुनेछ भने उसको राम्रो व्यवहारले गर्दा उसलाई प्रशस्त धनलाभ हुनेछ।"

बुद्धद्वारा यस्तो घतलाग्दो उपदेश सुनेर एकजना उपासकले विचार गर्‍यो- "त्यसो भए मैले पनि दान दिने छु र मेरा साथीभाईहरुलाई पनि प्रेरणा दिनेछु।" यस्तो विचार लिई



Downloaded from http://dhamma.digital

उ शाक्यमुनी बुद्ध समक्ष गई प्रार्थना गऱ्यो- "भन्ते ! तथागत प्रमुख भिक्षुसंघलाई मैले भोजन निमन्त्रणा गर्दैछु । यस निमन्त्रणालाई स्वीकार गर्नुहोस् ।"

बुद्धद्वारा निमन्त्रणा स्वीकार भइसकेपछि त्यस उपासकले टोलटोलमा गई भन्न थाल्यो- "दाजुभाई दिदीबहिनी हो ! मेरो एउटा अनुरोध सुन्नुहोस् भोली तथागत प्रमुख भिक्षु संघलाई भोजनका लागि निमन्त्रणा दिएको छु । हामी सबैमिलेर भोजन दान दिऔं । यसको लागि सबैले आफू सक्दो श्रद्धा सहयोग गर्न अनुरोध गर्दछु । तपाईहरुसँग जे जस्तो बस्तुहरु छन् आफ्नो श्रद्धा अनुसार दान दिनुहोस् । यसरी कराउँदा कराउँदै उ एकजना साहूकहाँ पुगेछ । उसले साहूसँग पनि सहयोग माग्यो ।

साहूजीलाई त रिस उठेछ । त्यसैले उसले रिसाउँदै भनेछ- "तिमीलाई दान दिन मन लाग्छ भने तिमी आफैले मात्र दान दिए भइहाल्छ नि अरुसँग किन माग्दै हिड्न परेको ? अर्कासँग माग्दै दान दिन खोज्दोरहेछ कस्तो मूर्ख मान्छे होला यो ? मलाई त बुद्धप्रति पनि श्रद्धा छैन, भिक्षुहरु प्रति पनि श्रद्धा छैन । त्यसैले मैले केही पनि दान दिन सक्दिन ।

यो कुरा सुनी उपासकले फेरी भन्यो- हाम्रा टोलबासीहरु सबैले सहयोग दिइसक्यो । अरुको त के कुरा गरिब व्यक्तिहरु समेतले आफ्नो गच्छेअनुसार केही न केही दिइसके । दान दिने भनेको राम्रो काम हो नि । आफूले दिन सके मात्र सम्मान पाउने छ र मित्रहरुपनि बढ्ने छन् । एकदिन मर्नैपर्छ । मर्ने बेला सबै छोडेर जानै पर्छ । केही पनि लिएर



Downloaded from http://dhamma.digital

जान पाउने होइन । यसरी चन्दा लिने उपासक कराईरहेको सुन्न मन नलागेकोले पसले साहूले आफ्नो तीन औंलाले च्यापेर अलिकति चामल दिँदै भन्यो- "ल ल लेऊ यति मात्र श्रद्धा छ मेरो । भयो अब ?"

चन्दा माग्ने उपासकले कञ्जुस साहुले दिएको चामललाई अलग्गै एउटा रुमालमा थापेर पोका पाऱ्यो । आफूले दिएको अलिकति चामललाई अलग्गै पोको पारेको देखेर साहुको मनमा च्वास्स पस्यो र विचार गऱ्यो- यस उपासकले मैले दिएको अलिकति चामललाई अलग्गै पोको पारेको छ र पक्कै पनि यसले मेरो बेइज्जत गर्न लागेको होला । पख यसलाई । यति विचार गरी साहुले आफ्ना एकजना नोकरलाई बोलाई भन्न थाल्यो तिमी त्यस उपासकको पछि पछि लागि उसको चेवा गर्दै गर्नु । उसले मेरो विषयमा के के कुरा गर्दोरहेछ, सबै कुरो बुझेर मलाई बताउन आउनु । साहुको आज्ञा शिरोपर गर्दै नोकर चन्दा लिने उपासकको पछि लाग्यो । उपासक भोजनको लागि प्रबन्ध गरिराखेको ठाउँमा गई कञ्जुस साहुले दान दिएको चामलको सानो पोको खोल्न थाल्यो । अनि त्यस पोकोबाट चामल झिकेर भोजन पकाउनको लागि चुलोमा बसालिराखेको सबै भाँडाहरुमा अलि अलि गर्दै हालिदियो । यो देखि अरु साथीहरुले उपासकलाई सोध्न थाल्यो- "भाँडाहरुमा तिमीले के राखेको ?" उपासकले भन्यो- एकजना साहुजीले झर्को मान्दै अलिकति चामल चन्दाको रुपमा दिएको थियो । त्यो साहुजीलाई झन बढी पुण्य प्राप्त होस् भन्दै सबै भाँडामा उहाँको चामल राखिदिएको ।



Downloaded from http://dhamma.digital

यो कुरा साहुको नोकरले सुन्यो। तर उसले प्रष्ट बुझ्न सकेन र साहुजी कहाँ गइ भन्न थाल्यो- "साहुजीले दिनुभएको चामल त उनीहरुको चुलोमाथि बसालेको सबै भाँडाहरुमा अलि अलि राख्दै उनीहरु सबै जना कानेखुशी गर्दै थिए।" यो कुरा सुनी रिसाह साहुजी त झन् रिसायो। उसले बिचार गर्‍यो- "त्यसो भए उनीहरुले भोजन दान गर्ने ठाउँमा म आफै गएर हेर्छु। त्यहाँ मेरो बेइज्जती हुने केही कुरा उठ्यो भने त्यो उपासकको टाउको नफोडी छोड्दिन। भोजनको कार्यक्रम सकियो। अनि उपासकले बुद्ध प्रमुख भिक्षुहरुलाई सम्बोधन गर्दै भन्न थाल्यो- "भो भगवान्! आजको भोजनको लागि गरीब वर्गहरुदेखि लिएर धनी साहु महाजनवर्गहरु समेतले आफूले सक्दो सहयोग गर्नु भई पुण्य कमाउनुभएको छ। दान दिनहुने महानुभावहरु मध्ये कसैले बढी र कसैले कम वस्तुहरु दान दिनुभएका छन्। जे होस् दान दिई सहयोग गर्नुहुने सबैलाई बराबर मात्रामा पुण्य प्राप्त भई सबैको जय होस् मंगल होस्।"

कञ्जुस साहु त त्यहाँको वातावरणदेखि अकमक्क भई सोच्न थाल्यो- "के सोचेर आएको थिएँ, यहाँ के कुरो उठिराखेको छ बुद्धका यी उपासकहरु त निक्कै उदार हृदय रहेछन्। यिनीहरुको चित्त त एकदम राम्रो रहेछन्। यिनीहरुको अगाडी त मेरै चित्त नराम्रो ठहरियो। जाबो एकमाना चामल दान दिन पनि हिचकिचाई मैले तीनवटा औंलाले टिपेर मात्र चामलका गेडाहरु दान दिन पुगेछु। तर त्यति थोरै मात्रामा दान दिने मलाई पनि उपासकले समान रुपले पुण्य बाँडिदियो। यस्तो उदार हृदय भएको उपासकप्रति पनि मैले



Downloaded from http://dhamma.digital

द्वेष भावले टाउको नै फोड्ने विचार लिई यहाँ आएँ। यो त साह्रै अपराध जन्य कार्य भयो। मैले त्यस उपासकसँग क्षमा मागेन भने त विजुली खसेर मेरो टाउको सातटुक्रा हुनेछ।" यस्तो विचार गरी साहुजी उपासक सँग क्षमा माग्न गए।

त्यस उपासक त अकमक्क परे। सपना देखे जस्तै पो भएछ। यो के भएको बुझ्नै सकेन उसले। एकछिन पछि उपासकले सोध्यो- किन मसँग क्षमा माग्नुभएको ? खै मलाई त तपाईले केही पनि नराम्रो काम गरे जस्तो लागेन। अनि साहुजीले आफूले रिसाई रिसाई दान दिएदेखि लिएर उपासकप्रति आफूले चिताएको कुभलो बारे सबैकुरा बताईदिए।

यी सबै कुरा सुन्नु भएपछि बुद्धले भन्नुभयो- "उपासक उपासिकाहरु हो। पुण्य भनेको सानो र ठूलो भनी भेदभाव गर्नका लागि होइन। एक एक थोपा चुहिएको पानीले घैटो भर्न सके जस्तो आफ्नो मन शुद्ध गरी अलि अलि गर्दै जम्मा पारेको पुण्य कार्यले आफ्नो जीवनलाई सुखमय बनाउन सकिन्छ। बुद्धको यस उपदेशलाई सुनेर संकिर्ण मनको कञ्जुश साहुको हृदय बदल्यो। उसले आफ्नो मन पवित्र पार्दै खुब श्रद्धा राखी गरिब उद्दार कार्यहरुमा मन लगाई दानदिन थाल्यो। यसरी उ पछि साँच्चैको धर्मात्मा कहलिए र उसले जीवन सुखपूर्वक बिताए।

यस घटनाबाट हामीले के शिक्षा लिन सक्छौ भने चन्दा लिने बेला श्रद्धा भावनालाई महत्व दिनुपर्छ। धेरै चन्दा दिएन भनेर हेला गर्नुहुँदैन। यति नै चन्दा दिनुपर्छ भनी दातालाई



Downloaded from http://dhamma.digital

करकापमा पार्नुपनि हुँदैन ।

तर आजभोलि धर्म कर्म गर्ने ठाउँमा समेत गरीबहरु र धेरै दान दिन नसक्ने व्यक्तिहरुले त्यति राम्रो स्थान पाउन सकेको देखिदैंन । फलस्वरुप धार्मिक कार्य गर्न मन भए पनि उनीहरु धार्मिक समाजबाट टाढिंदै गएको देखिन्छ । यो विचारणीय कुरा हो । किनभने पुण्य कार्य भनेको प्रतिस्पर्धात्मक र फेशनको कार्य होइन ।

◆◆◆



Downloaded from http://dhamma.digital

# राजाको विवेक बुद्धि.
# राजाको चिन्तनमय प्रज्ञा

प्रज्ञामध्ये मानिसलाई चाहिने कुरो व्यवहारिक प्रज्ञा हो । किन्तु समाजबाट अलगिएर बस्ने खालको प्रज्ञा होइन । वास्तविक रुपमा कलह नहुने अनि पारिवारिक एवं धार्मिक जीवन सुखपूर्वक बिताउन सक्ने प्रज्ञा चाहिन्छ । सुने जस्तै चिन्तन शक्ति भएन भने त्यस्तो बुद्धिले काम गर्दैन वा त्यस्तोले ठाउँ हेरी काम गर्न सक्तैन । पढेको ज्ञान र विद्वत्ताले मात्र व्यवहारमा काम दिदैन । यसैले नै विवेकयुक्त बुद्धि चाहिन्छ । यसलाई बुझाउन एउटा कथा प्रस्तुत गर्दछु । एक जना राजाले एक भिक्षुको उपदेश सुने र आचरण समेत राम्रो देखे । त्यसपछि उनले आफ्नो मन प्रसन्न भएको पाए । भिक्षुप्रति उनको श्रद्धा उत्पन्न भयो । तब राजाले त्यस भिक्षुका लागि आफ्नो बगैंचामा विहार निर्माण गराइदिए । राजाले दिन दिनै आफ्नै खाना अनुसारको माछा मासु राखी दरबारीया खाना उनीकहाँ पठाउने गरे । तर दरबारीया खाना खाएदेखि ती भिक्षुको बानी खराब भयो । उनी मिठो खान पल्किन थाले र उनलाई साधारण जनताको खाना मन नपर्न थाल्यो । भिक्षु त्यस्तो खाना खानै नसक्ने भए । सिद्धार्थ कुमारले राजगृहमा सबैभन्दा पहिले भिक्षा माग्न आएको बेला जनताले खाने गरेको खाना खान



Downloaded from http://dhamma.digital

सकेनन् भनेको कुरा यसले प्रमाणित गर्दछ । त्यसैले बुद्धले समय-समयमा भन्नुभएको छ- कुनै पनि चीजमा आसक्त नहुनु, मिठो खानामा मात्र नभुल्नु र त्यसमा न पल्किनु । ती भिक्षुले माछा मासु बिना खाना खान नसक्ने भए । उसबेला पनि बजारमा मासु किन्न नपाइने कुनै दिन हुन्थ्यो । त्यस्तो दिन परेमा दरबारको लागि पनि मासु नहुने हुन्थ्यो । मासु नभएको दिनमा भोजन गर्नुपर्दा ती भिक्षुलाई भोजन नै नमिठो लाग्न थाल्यो । बिहार सँगै माछा भएको एउटा पोखरी थियो । मासु नपाइने दिनमा पहिलै नै ती भिक्षु पोखरीमा गई माछा मार्न थाल्थे ।

एकदिन ती भिक्षुलाई माछा मार्दै गर्दा समय बितेको नै थाहा भएन । दरबारबाट भोजन लिएर जाँदा भिक्षु बिहारमा थिएनन् । भिक्षु कहाँ गए होलान् भनि यताउति खोज्न जाँदा उनी माछा मार्न व्यस्त भएको देखियो । भिक्षु दरबारबाट भोजन ल्याउनेहरुलाई देखि लाज मानी माछा मार्ने लठ्ठी त्यही फाली पर्खालको मुनीबाट निहुँरिदै बिहारमा पुगे ।

Dhamma.Digital

दरबारबाट भोजन ल्याउने मानिसहरुले मनबाट उनीप्रतिको श्रद्धा हट्यो । माछा मारी खाने, त्यस्ता भिक्षुलाई भोजन पनि दिन्नौ भनी ती मानिसहरु दरबारमै फर्केर गए । दरबारमा राजाले सोधे- किन बिहारमा भन्ते(भिक्षु) हुनुहुन्न ? भोजन किन फर्काइ ल्याएको ? तिनीहरुले भने- ती भिक्षु भिक्षु नै होइनन् । ती त माछा मारी खाँदा रहेछन् । त्यसैले भोजन नदिइ फर्काएर ल्याएका हौं ।



Downloaded from http://dhamma.digital

राजाले सोधे- ती भिक्षुले माछा मारिरहेको तिमीहरुले नै देखेका हौ ? आफ्नै आँखाले देखेका हौं भनी तिनीहरुले जवाफ दिए। राजाले फेरी सोधे- भिक्षुले तिमीहरुलाई देखे कि देखेनन् ? तिनीहरुले भने- ती भिक्षु त हामीलाई देख्ने बित्तिकै लाज मानी माछा मार्ने लठ्ठी त्यही फाली निहुँरिदै पर्खालमुनी हुदै बिहारभित्र पसे।

राजाले भने- लाज मानेसम्म ती भिक्षु बिग्रेका छैनन्। लाज मानेन भने मात्र भिक्षुत्वबाट खस्छन्। लाज मानेकाले ती भिक्षु नै हुन्, त्यो भोजन दिएर आऊ भनी तिनीहरुलाई पठाए।

राजासँग चिन्तनमय प्रज्ञा(विवेक बुद्धि) भएकोले माछा मार्ने भिक्षुदेखि आफ्नो श्रद्धा बिगारेनन् र राजा उनीप्रति रिसाएनन्। प्रज्ञा नभएको, चिन्तन शक्ति नभएको भए राजाले ती भिक्षुलाई मान्छे नै ठान्दैनथे। यहाँ भने भिक्षुहरुको दोष खोज्ने धेरैको बानी भइसकेको छ। सही कुराको मूल्यांकन गर्ने बानी त्यति देखिँदैन। दोष गल्ती कसको मात्र हुँदैन ? यसको मतलब कसैको दोष खोज्नु हुँदैन भनेको होइन। गल्ती गर्दै जानुपर्छ भनेको पनि होइन तर दोष पहिल्याउने काम सुधारका लागि हुनुपर्छ। सकभर दोष नभएमा मानिसको जीवन उज्जवल र सुखमय हुनेछ र धेरै महत्वको हुनेछ। यो अवश्य हो।

माथि बताएको घटना राजासँग चिन्तनमय प्रज्ञा भएकोले उनले मानिसलाई विचलित नगराई समस्या समाधानतिर लागेको देखिन्छ। दोष देख्नुको साथै समस्या



Downloaded from http://dhamma.digital

समाधानतिर पनि ध्यान दिनु राम्रो हुन्छ । चिन्तनमय प्रज्ञा उपयोग नभएको भए माछा मारी खाने ती भिक्षुलाई बिहारबाट निकालिन्थ्यो र चीवर बस्त्र छोडाइन्थ्यो । तर यसबाट एकजना भिक्षु घट्नु सिवाय समस्या समाधान हुँदैनथ्यो । यस्ता लेखिराख्ने व्यक्तिसँगपनि सबै ठाँउमा चिन्तनमय प्रज्ञा भएको नै भन्न मिल्दैन । शायद म आफैले मेरो चेला श्रामणेरहरुले माछा मारिरहेका त के त्यस्तो कुरा सुनेमात्र पनि चीवर छोडेर घर जाऊ भन्ने होला । चिन्तनमय प्रज्ञाको कमिले नै गर्दा आज हामी कहाँ अशान्ति छेडिएको र अनावश्यक असहमति भएको हो भन्न सकिन्छ । प्राय:जसो मानिसमा बुद्धि विलाषिता नै धेरै पाइन्छ । अर्थात् "परोपदेशे पाण्डित्य" भने जस्तो छ । व्यवहारमा प्रयोग गर्ने प्रज्ञा धेरैमा छैन । यो मानिसहरुकै एउटा ठूलो कमजोरी हो ।

◆◆◆

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# अज्ञानी राहुल बोध भयो

भगवान बुद्ध भएर ७ वर्षपछि कपिलवस्तु जानुभयो । त्यस बेला यशोधरादेवीले राहुललाई भनी- तिमी आफ्नो बुबा कहाँ गएर अंश देउ भन्ने माग गर । राहुल कुमार बुद्धकहाँ गएर भन्यो -तपाईंको छायाँ खुब सित्तल छ । बुद्धले सोध्नुभयो-"तिमी यहाँ किन आएको ?" राहुलले भन्यो- भन्ते आमाले तपाईंसँग धेरै सम्पत्ति छ रे, अंश लिएर आउनु भनि पठाएको । बुद्धले मसँग भएको यही पहेंलो वस्त्र मात्र हो भनेर उसलाई पहेंलो वस्त्र लगाई प्रव्रजित गर्नुभयो । राहुल कुमार ७ वर्षको मात्र पुगेको बालक त्यत्ति ज्ञान भएको छैन । उसलाई यतिमात्र थाहा छ बुद्ध मेरो बुबा हुनुहुन्छ । त्यसले गर्दा उसमा अभिमान बढ्यो । बुद्धले सारिपुत्र भिक्षुलाई राहुल कुमार जिम्मा दिनुभयो । उमेरले बालक भएकोले उसले अनुशासन भनेको के हो भन्ने उसलाई थाहा थिएन । सारिपुत्र भन्तेले ज्ञानको कुरा सिकाइ दिए पनि राहुल कुमारले त्यत्ति ध्यान दिएन । उसले भिक्षुहरुलाई भन्ने गर्दथे- "मलाई चिन्नुहुन्छ ? म को हुँ ?" मेरो बुबा बुद्ध हुन् । भिक्षुहरुले बुद्धकहाँ गएर भने- भन्ते । राहुल कुमारलाई सम्झाइ दिनुस् । ऊ अलि बेतालको भएको छ । कुरागर्ने पनि न मिलेको छ, आफूभन्दा ठूलाको कुरातिर पनि ध्यान दिंदैन । अनुशासन राम्रो छैन ।



Downloaded from http://dhamma.digital

बुद्धले राहुल कुमारलाई अम्बलठ्ठिक जंगलमा लग्नुभयो। बुद्धले राहुललाई पानीले भरिएको लोटा हल्लाउँदै सोध्नुभयो लोटामा के छ ? राहुलले भने त्यसमा पानी भरिएको छ, त्यसैले कुनै आवाज आएन। बुद्धले आधी पानी खन्याई सोध्नुभयो- "अब के भयो ?" राहुलले भने पानी आधा मात्र भएकोले छ्प्ल्याङ्ग छ्प्ल्याङ्ग आवाज आयो। लोटा खाली गरेर बुद्धले फेरी सोध्नुभयो- अब के भयो ? राहुलले जवाफ दिँदै भने- लोटा खाली भयो। बुद्धले भन्नुभयो आधा पानी हुँदा पानी चलेको जस्तै तिमी चञ्चल थियौ। पानी सबै नहुँदा लोटा रित्तो भए जस्तै तिमी पनि झुटो कुरा गर्ने गरेकोले रित्तो मान्छे बन्न पुग्यौ। तिम्रो बोली वचन नराम्रो भएकोले अरुलाई अप्ठ्यारो पर्‍यो, मेरो बुबा बुद्ध हुनु हुन्छ भनि कसरी अहंकार आएको ? अज्ञानी भए अरु कसैले तिमीलाई माया गर्दैन। अंशलिन मकहाँ आयौ। असल र ज्ञानी अंश कसरी पाउँछौ ? तिमी ज्ञानी नभएको ले मलाई त खल्लो लाग्यो र लाज पनि लाग्यो। अब देखि ज्ञानी हुनु पर्‍यो। यसरी आफ्नो (सिद्धार्थको) छोरालाई एकान्त जंगलमा लगेर अर्ति दिनु भएको कुरा मज्झिम निकायमा अम्बलट्ठिक राहुलो वाद सूत्रमा विस्तारमा उल्लेख भएको पाउँछौं।

बुद्धबाट अर्ती सुनिसकेपछि राहुलकुमारले मन मनै कुरा गर्न थाल्यो- मलाई बुद्धले एक्लै जंगलमा ल्याएर अर्ती दिनु भएको म अज्ञानी भएकोले हो। अब देखि म ज्ञानी हुन्छु भनी बुद्ध समक्ष वाचा गरे। फेरी बुद्ध समक्ष प्रार्थना गरे- भो गुरु। भोलिदेखि मैले गर्नु पर्ने काम के के हुन् भनि दिनु



Downloaded from http://dhamma.digital

होला ।

बुद्धले भन्नुभयो- सबेरै उठेर कुचोलगाई सफा सुग्घर गर्ने, पानी ल्याएर जहाँ राख्नु पर्ने हो राखि दिने । आफूभन्दा ठूलाबडाको अपमान नगरी आज्ञाकारी बन्ने बिर्सनु हुन्न ।

बुद्धबाट अर्ति पाइसकेपछि राहुल आशातीत ज्ञानी भयो । बिहानै उठेर कुचोलिइकन सफा सुग्घर गर्न थाले । आसन बिछाउने काम पनि गर्न थाले । राहुल कुमारले बिहानै उठेर सफा गरिरहेको देखेर अरु श्रामणेर(नवक भिक्षुहरु) धेरै अबेर सम्म सुतिरहे । अनि बुद्धले उनीहरुलाई बोलाई गाली गर्नुभयो- तिमीहरु कसरी अल्छी भएका हौ ? देखेन राहुल कस्तो ज्ञानी भएको ! बिहानै उठेर सबै काम गर्न थाल्यो । चर्पी समेत सफा गर्छ । तिमीहरु कसरी अज्ञानी बन्यौ ?

बुद्धको अर्ती सुनेपछि अरु श्रामणेरहरु(अरु नवक भिक्षु) ले भन्नथाले बुद्ध पनि आफ्नो छोराको मात्र प्रशंसा गर्नु हुन्छ र हामीलाई गाली गर्नुहुन्छ । राहुलले गर्दा गाली खानु पऱ्यो भनी ईख गरेर राहुलको दोष र कमजोरी खोज्न सुरु गरे । तर राहुलको केही कमी देख्न सकेन ।

एकदिन राहुलकुमार बिहानै सफा सुग्घर गरेपछि फेरि कोठामा गएर आराम लिन गयो। त्यही मौकामा मन कपटी श्रामणेरहरुले बाहिरको धूलो जम्मा गरेर राहुलले सफा गरीसकेको ठाँउमा धूलो छरिदियो । अनि उनीहरु बुद्ध कहाँ गएर भन्न थाले- भन्ते, तपाईले राहुलको खूब प्रशंसा गर्नुहुन्छ, राहुलकुमार साह्रै ज्ञानी रहेछ । सफा सुग्घर गर्न सिपालु छ । आज राहुल अहिल सम्म सुतिरहेको छ । कूचो लागाएको



Downloaded from http://dhamma.digital

छैन ।

बुद्धले राहुललाई बोलाउनु भई सोध्नुभयो- "के तिमीलाई सन्चो छैनौ ?कपाल दुखेको छ ? सबै ठाउँमा धुलैधुलो छ रे ?

राहुल कुमार गएर हेऱ्यो- आफूले बढारी सकेको ठाउँमा मतिहीनहरुले धूलो छरिएको थाहा पाइयो । राहुलकुमार खुरुक्क कूचो लिएर बढारेर धूलो जम्मा गरी फालेर कोठामा गए । झगडा गरेन किन मैले सफा गरिसकेको ठाउँमा धूलो छरिएको भनी ।

राहुल कुमारका शत्रुहरुले विचार गरे- "राहुलकुमार साच्चै नै असल र ज्ञानी रहेछ । अब हामीपनि असल र ज्ञानी बनौं ।" उनीहरु ज्ञानी बनेपछि शान्ति भयो ।

◆◆◆

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# क्रोधी पति र असल पत्नी

भगवान् बुद्ध बिम्बिसार राजाले दान दिनु भएको राजगृहको बाँसको बगैचाको वेलुवनामरामामा बस्नु भएको थियो । त्यस बेला त्यहाँ क्रोधी रिसालु भारद्वाज नामक ब्राह्मण एकजना थियो । त्यो ब्राह्मणले धनञ्जानी नामक ब्राह्मणी विवाह गर्न मानिस पठाए । त्यसबेला धनञ्जानीको पिताले छोरीलाई भने – छोरी । सारै क्रोधी र रिसालु भारद्वाज बाउनले तिमिसित विवाह गर्ने इच्छा गरेको छ । तिमी उसित विवाह गर्ने मनपर्छ ? छोरीले भन्यो- मन पर्छ । म जान्छु उसकहाँ । बुबाले भने- तिमीलाई दुःख हुन्छ नि ।

धनञ्जानीले भनिन्- म भगवान् बुद्ध कहाँ गएर शिक्षा लिएको छु । केको लागि बुद्धको शिक्षा लिइराखेको ? मेरो धर्म आचरण, राम्रो शील स्वभावबाट त्यो रिसालु र क्रोधी भारद्वाज बाउनलाई ठीक पारि दिन्छु, मतलब ज्ञानी बनाई दिन्छु । अनि कहाँ दुःख हुन्छ त ?

भारद्वाजले धनञ्जानीलाई विवाह गरेर लगे । धनञ्जानीको एउटा बानी छ- हाछिं एक चोटी आएपनि, आहाँ (वाका) एकचोटी आएपनि- "नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स" अर्थात् उनी भगवान् अर्हत सम्यक सम्बुद्धलाई नमस्कार भनी नमस्कार गर्ने भयो । पति ब्राह्मण चाहिं बुद्धको नाँमै लिन न चाहने मान्छे भएछ । धनञ्जानी भने सारै राम्रै र चितिक्क परेको रहेछ । धेरै हिसी परेको



Downloaded from http://dhamma.digital

मात्र होइन उसको रहन सहन, आनी बानी, घरको काम सबै दिलैदेखि संभी गर्ने बानी भएकी रहेछे। त्यसले गर्दा पतिलाई धेरै मन परेछ।

त्यसो भएपनि स्वास्नीलाई भन्छ- हेर, म भएको ठाउँमा बुद्धको नाउँ न लिने नि। अनि स्वास्नीले भन्छिन्- म त बुद्धको नाउँलिन छोड्न सक्दैन। बुद्धको नाउँ लिन मन पर्दैन भने- म माइती जान्छु।

श्रीमान्ले भन्छ- तिमीलाई माइती जाउ भनेको होइन नि। मेरो अगाडी मात्र बुद्धको नाउँ नलेउ भनेको नि। भारद्वाज आफ्नो स्वास्नी माइती जान्छ भनी थर्कमान थियो। किन भने धनञ्जानी अति नै राम्री र हिसी परेकी। काम पनि सबै दिलैदेखि गर्न सक्छिन्। लक्ष्मी नै घर भित्रिए सरह भएको।

एकदिन भारद्वाजले आफ्नो गुरु ब्राह्मणलाई निमन्त्रणा दिई भोजन गराउन योजना बनायो। स्वास्नीलाई भने- हेर, हाम्रो गुरुहरुको अगाडी बुद्धको नाउँ न लिने नि। ब्राह्मणहरु एकहुल जम्मा भइ आउन थाले। लाइन मिलाएर आसनमा बस्नु भयो। पकाइराखेको परोस्न थाल्यो। धनञ्जानीलाई हाछिं आयो। अनि नमो बुद्धाय भनी बुद्धको नाउँ लिइकन नमस्कार गरी। अनि ब्राह्मणहरु क्रोधित भइ भने - देशमा अरु आइमाईहरु नभएकोले यी बुद्धकहाँ जाने स्त्रीलाई विवाह गरेर ल्याएको ? यो त अलछिना रहे छ भनी खाना नखाइकन उठेर गए।

भारद्वाजलाई रीसले दिमाग नै बिगाऱ्यो। कति भन्दा भन्दै पनि मेरो गुरुहरुको अगाडी बुद्धको नाउँ लिएरै



Downloaded from http://dhamma.digital

छाडे। उसलाई गाली गरुं भने माइती जाने धम्की दिइने। उ माइती जाला भन्ने डर पनि छ। रिस चाहिं आएको छ। अब बुद्धलाई नै गाली गर्न जान्छु भनी गएर तँ गधा, तँ गोरु, तँ भेडा भनी बेस्सरी गाली गरे।

बुद्ध मुसुमुसु हाँस्दैरहे। ब्राह्मण त तोलाएर बसे। भारद्वाजले भने- तिमी बहिरा हो ? मैले गाली गरेको सुनेनौ ?

बुद्धले भन्नु भयो- म तपाइसँग प्रश्न सोध्छु। तपाईको घरमा कहिले कहिले पाहुना आउँछ होला ?

भारद्वाजले भन्यो- आउँछ नि। त्यस्तो पनि सोध्ने ? धर्मको कुरा सोधन।

बुद्धले फेरी सोध्नु भयो- पाहुनाले कोसेली पनि लिएर आउँछ होला ? त्यो कोसेली तपाईले लिएन भने कसले लिन्छ नि ? मैले लिएन भने उसले नै लिएर जान्छ ब्राह्मणको उत्तर थियो।

बुद्धले भन्नु भयो- आज म कहाँ पनि पाहुना एक जना आएको छ। उसले धेरै कोसेली लिएर आएको छ। तर मैले ती कोसेलीहरु लिएन।

भारद्वाजले सोध्यो- को त्यो पाहुना ? बुद्धको उत्तर थियो- त्यो पाहुना तपाई नि। तपाइले, गोरु, गधा र भेडाहरु कोसेली ल्याउनु भएको छ। मैले ती कोसेलीहरु स्वीकार गरेको छैन, तपाइले नै लिएर जानुस्।

बुद्धको कथा सुनेर भारद्वाज ब्राह्मण लाटो जस्तै बस्यो। उसको मन मनै कुरा गर्न थाले- बडो अनौथोको मान्छे पो रहेछ बुद्ध। कसरी नरिसाइ बस्न सकेको ? त्यसपछि



Downloaded from http://dhamma.digital

भारद्वाजले प्रश्न गरे- के चीज एउटा नाश गर्न सके सुख पूर्वक बस्न सकिन्छ ? कुन चीज एउटा नाश भए पीर र चिन्ता हुदैन ? कुन चीज एउटा नाश गर्न तपाई मन पर्छ ?

बुद्धको उत्तर- क्रोध एउटा नाश गर्न सके सुख पाउँछ। रिस नाश गर्न सके चिन्ता र पीर हुँदैन। क्रोध एउटा नाश गर्नु नै मलाई मन पर्छ।

यति कुरा सुनिसके पछि हात जोडेर भारद्वाजले भन्यो- भो गौतम तपाई ठूलो धर्मात्मा हुनुहुन्छ। तपाईले मलाई अँध्यारो ठाउँमा बत्ति बाले जस्तै, बाटो बिराइरहेकोलाई बाटो देखाइदिने जस्तै ज्ञानको शिक्षा दिनु भयो। म सारै अज्ञानी रहेछु। मेरो श्रीमती धनञ्जानी तपाईबाट धर्मको शिक्षा लिएर धेरै ज्ञानी छ र खूब असल गृहणी र लक्ष्मी रहेछ। घरको काम सबै दिलैदेखि विचार गरेर गर्छिन्। उ घरमा आएदेखि लक्ष्मी भित्रेको बराबर भयो। म क्रोधी भएकोले तपाइको उपासिका धनञ्जानीलाई मनमा शान्ति छैन। अबदेखि म र श्रीमतीको एउटै विचार र मन भएर बस्छु। म बोध भएँ। म क्रोधको भारि बोकेर आएको त अहिले कपास जस्तै हलुंगो भएको छ। अहिले मलाई खूब आनन्दको अनुभव भइरहेको छ। म बाचुन्जेल सम्म तपाइको शिक्षा अनुसार आचरण गर्नेछु।

◆◆◆



Downloaded from http://dhamma.digital

# उत्तम मानिस बन्ने गुण धर्म

बुद्धले दिनुभएको शिक्षाको मुख्य सारांश दुःखबाट मुक्त हुनु हो, अर्थात् निर्वाण लाभ गर्नु हो । त्यसको लागि बुद्धको शिक्षा राम्रो संग अध्ययन गर्नुपर्ने र अध्ययन गरे अनुसार आचरण पनि राम्रो पार्नु जरुरी छ । तृष्णा लोभ र प्रशंसाको आशा गर्नु हुन्न । यसको अर्थ हो बुद्धमार्गीहरुले धर्मकर्म समाजसेवा गर्दा लाभसत्कार, कीर्ति प्रशंसाको आशा गर्नु हुन्न । त्यसरी आशा गरेर धर्मकर्म र समाजसेवा गरेको खण्डमा पैसा सापटी दिएर ब्याजलिने जस्तै हुन्छ । बुद्धमार्गीहरुले समाज सेवा र धर्मकर्म गर्दाखेरि निस्वार्थ भावनाले गर्छन् । तर राम्रो कामगर्दा खेरि अवश्य पनि उसको यश र कीर्ति फैलिन्छ र प्रशंसा हुन्छ नि । हुनु पनि पर्छ । यो त स्वाभाविक कुरो हो । त्यसमा केही दोष छैन । सेवा गरेर मेवा खानु हुन्छ नि । मेवा खानको लागि सेवा गर्नु मात्र ठीक छैन । यो भयो निर्वाण प्राप्त गर्नका लागि आशा गर्नेहरुको कुरा । उपरोक्त कुरा साधारण मानिसलाई पच्ने खालको कुरा होइन ।

गौतम बुद्धले धेरै जसो निर्वाणको कुरा गर्नुहुन्न । उहाँको उपदेश साधारण गृहस्थीहरुको जीवन सफल र उन्नति हुने खालको अर्थात् उहाँले असल मानिस बन्नुपर्ने शिक्षा दिनुहुन्थ्यो ।

गौतम बुद्धले उत्तम र शुद्ध मानिस बन्नको लागि सात



Downloaded from http://dhamma.digital

गुण धर्महुनुपर्ने कुरा भन्नु भएको छ -

१) उत्साही बन्नु अर्थात अल्छी न बन्नु- (उट्ठानवतो)

२) होशियार बन्नु-(सतिमतो )

३) निर्दोषपूर्वक काम गर्नु- (सुचिकम्म )

४) दूरदर्शि बन्नु- (निसम्मकारी )

५) संयमित, अनुशासित बन्नु- (सञ्ञतो )

६) धर्मिक जीवन- (धम्म जीवनो )

७) अप्रमादी बन्नु अर्थात् बेहोशी नबन्नु- (अप्पमत्तो)

१) उत्साही हुनु- असल मानिस बन्नको लागि चाहिने पहिलो गुण हो । अर्थात शुरु गरिसकेको काम पूरा नहुँदै बीचमा न छोड्नु, हतोत्साही नहुनु । आफ्नो काममा निरन्तरता दिनु । उदाहरणको लागि भनूभनें किसानहरुले शुरु गरेको खेतिको काम, धान रोपिसके पछि अन्तिम सम्म अल्छी नमानी धान घर भित्र्याउने सम्म निरन्तर रुपमा कामगर्दै जानु । त्यस्तै व्यापारी जीवनमा, विद्यार्थी जीवनमा पनि परीक्षा उतीर्ण नभएसम्म उत्साह र प्रयत्न गर्दै जानुपर्छ साथै जागिरको जीवनमा पनि निरन्तरता हुनु आवश्यक छ ।

मलाई सम्झना छ श्रीलंकाका एकजना भिक्षुले एस्. एल. सी. जाँचमा ६ पटकसम्म उत्तीर्ण हुन असमर्थ भए पनि हतोत्साही न बनी सातौं पटकका जाँचमा बल्ल उत्तीर्ण भयो । आइ.ए. मा पनि पाँच पटकसम्म फेल भयो र छैठौं पटक मात्र पास भयो । हतोत्साही नभएकोले उहाँले फल पाउनु भयो ।

२) होशियारी हुनु- अर्थात् सतर्क हुनु दोश्रो गुण धर्म हो । धेरै मानिसमा जागरण भए पनि जाँगर देखिदैन ।



Downloaded from http://dhamma.digital

मतलब होश भए पनि नराम्रो कामबाट अलग हुन नसक्ने हुन्छ। कोई नभएको ठाउँमा आफूसँग होश भए पनि जानाजानी गलत काम गर्न पुग्छन्। लाजशर्म हुँदैन। त्यसैले गौतम बुद्धलेभन्नु भएको- "सतिं च रव्वाहं भिक्खवे सब्बत्थिकं वदामि" अर्थात् भिक्षुहरु ! सबै कामको सफलताको लागि स्मृति (जागरण, होशियारीले) ले काम दिन्छ। अरु पनि एउटा कुरा बुद्धले भन्नु भएको छ- "सति सम्पञ्ञ" होशको साथै जानकारी, जागरुक हुनु पऱ्यो। सतर्क र सचेत हुनु जरुरी छ। यसले यो वर्तमान समयमा आफूलाई पनि अरुलाई पनि पछि सम्म काम लाग्छ। बुद्धले यहाँसम्म होश राख्नु पर्छ भन्नु भएको छ- बाटोमा हिड्दा बेला म हिंड्दै छु, खाना खाँदा म खाना खाँदै छु, , बसि रहंदा म बसिरहेको छु, भन्ने होश राख्नु पर्छ। त्यस्तै पिशाब फेर्दा पिशाब फेर्दै छु र दिशा गर्दा दिशा गर्दै छु भन्ने होश राख्नु पर्छ। चर्पिमा पिशाब र दिशा गर्दा होश भएन भने जथाभावी फोहर हुने गर्छ। भित्तामा र अन्तै पिशाब फेर्न थाल्दछ। पानीले सफा गर्दैन। जसले गर्दा चर्पि साह्रै गन्हाउन थाल्छ। टाउको दुख्ने रोग हुन्छ। खाना पकाउँदा होश भएन भने नून हाल्न बिर्सिन्छ, दुई चोटी पनि नून पर्न सक्छ र नूनै हाल्न बिर्सिन्छ। बाटोमा हिड्दा होश पुगेन भने फोहरमा, खाल्डोमा पाउ पर्न सक्छ। कुरा गर्दा खेरि बढि कुरा गर्न सक्छ। आँखाले हेर्दा खेरि कहाँ दृष्टि परेछ, यस कुरातिर ध्यान र होश जानु आवश्यक छ। यो बुद्धको शिक्षा सबैलाई, सबै ठाउँमा काम लाग्छ।

३) निर्दोष काम गर्नु : यो उच्चस्तरिय मानिस बन्नको



Downloaded from http://dhamma.digital

लागि चाहिने गुण हो, आफूबाट निर्दोष पूर्ण काम हुनु । शरीर र वचनले गर्ने नराम्रा कामबाट अलगहुनु राम्रो हुने छ । शरीरले तीनवटा पाप कर्म गर्न सक्छ : हिंसा, चोरी र बलात्कार । आजभोलि ६० वर्षका बुढोले पनि ७, ८ वर्षका बालिका माथि बलात्कार गरिरहेको सुन्न पाउँछौं । बलात्कार गरिसकेपछि हत्या पनि गर्ने गर्छ । भ्रष्टाचार र दिन वहाडै लूट्ने काम पनि बढिरहेछ । यस्ता शरीरले गर्ने पापबाट मुक्तहुनु राम्रो छ ।

वचनबाट-चारवटा पाप कर्म गर्छ :- झूठो कुरा गर्नु, चुक्लि गर्नु, कडाबोली बोल्नु, गप्फी बन्नु । यी चार पाप कर्मबाट बच्न सके निर्दोष काम गर्न सकिन्छ । आर्य अष्टाङ्गिक मार्गमा सम्यक कर्मान्त भनिएको यही नै हो । इमान्दार हुन सके निर्दोष काम गरेर जीविका गर्न सकिन्छ ।

४) दूरदर्शिता हुनु- उच्च मानिस बन्नको लागि आवश्यक गुण दूरदर्शिता हुनु हो । कुनै काम गर्दा पहिले गर्न लागेको कामको फाइदा र बेफाइदा, राम्रो वा नराम्रो हुने बारे ठीक विचार पुऱ्याई दूरदर्शिता ज्ञान हुनु आवश्यक छ । अन्यथा पछि पश्चाताप हुनु पर्ने छ । विवेक बुद्धि पुऱ्याएर काम गर्न सके धनको दुरुपयोग हुने छैन । ठीक समझदारी पुऱ्याएर काम गर्न सके धनको दुरुपयोग हुने छैन । अदूरदर्शिताको कारणले सरकारी योजना धेरै असफल भइरहेका छन् । एकतर्फि ट्राफिक योजना धेरै असफल र फलदायी हुन सकेको छैन । ठीक तरिकाबाट योजना तर्जुमा गर्न नसकेकोले नै फलदायक हुन नसकेको हो । दूरदर्शि ज्ञानको अभाव देखिन्छ जहाँ पनि । यो पूर्वाभ्यास र पूर्व गृहकार्यको अभाव



Downloaded from http://dhamma.digital

देखिन्छ। यस्ता ज्ञान बालक कालदेखि पाठशाला देखि अभ्यास गराउनु पर्ने देखिन्छ। यस्ता व्यावहारिक र व्यावसायिक ज्ञान स्कूलमा दिनसके बेकारी, बेरोजगारी समस्या नहुनै हो कि।

५) संयमित र अनुशासित हुनु। यो मानिसको मूल्य बढ्ने पाँचौ गुण हो। माथिको सबैगुण भएता पनि यदि उसमा संयमित र अनुशासित भइरहने गुण रहेन भने त्यो व्यक्तिको महत्त्व र मूल्य नै हुँदैन। अनुशासनहीन र असंयमित व्यक्ति समाजलाई बाधा र अप्ठ्यारो हुन्छ। बालककाल देखि संयमित र अनुशासित भइरहने अभ्यास हुन जरुरी छ। त्यस्तै ठूला बडा मानिसबाट नै बाल बालिकाले आदर्श र शिक्षा लिन्छन्। आजभोलि सबै क्षेत्रमा अनुशासनको कमी देखिन्छ।

६) धार्मिक जीवन छैठौं गुण धर्म जुनकी मानिसलाई शुद्ध मानिस बनाउन आवश्यक तत्व हो। अधार्मिक जीवन कसैलाई मन पर्दैन। धार्मिक जीवनले प्रव्रजित (त्यागी) र गृहस्थी दुबै पक्षलाई हित र भलो हुने छ।
धार्मिक जीवनमा छलकपटी, बेइमानी, घूसखाने बानी बिलकुल हुनु हुदैन। आडम्बरी देखावटी र ढोंगीपन हुँदैन। बिलकुल निस्वार्थी र सेवाभाव हुनु नै धार्मिक जीवनको लक्षण हो। स्वच्छ जीवन नै धार्मिक जीवन हो। यस्तो हुन सके मात्र जीवन उच्च स्थानमा पुगिने छ।

७) अप्रमादी हुनु, यो मानिसलाई उच्चस्थानमा पुऱ्याइने सातौं गुण धर्म हो। सचेत हुनु, सजग सबैलाई काम लाग्ने कुरो हो। गौतम बुद्धको अन्तिम वचन भनूं वा शिक्षा-अप्पमादेन



Downloaded from http://dhamma.digital

सम्पादेथ। अर्थात् सधैं सतर्क र होशियारी भइ रहनु, अल्छि नबन्नु हो। सचेत हुनु जगरुक हुनु हो। गौतम बुद्धले निरन्तर रुपमा भिक्षुहरुलाई अर्ति दिइरहनु हुने शिक्षा हो अप्रमादी भइरहनु। प्रमादी भएको खण्डमा जीवित भए पनि मरेको बराबर छ। अप्रमादी मानिस मरे पनि बाँचेको बराबर हुन्छ।

उपर्युक्त बुद्धको शिक्षा सार्वजनीन शिक्षा सबैको लागि काम लाग्ने शिक्षा हो। यसमा कुनै पनि साम्प्रदायिक भावनाको रंग छैन। पूर्वाग्रहको अभाव छ। केवल बहुजन हिताय, बहुजन सुखायको शिक्षाको। मानवलाई शुद्ध मानव बनाउने शिक्षा हो

उठ्ठानवतो सतिमतो सुचिकम्मस्स निसम्मकारिनो
सञ्ञतस्स च धम्मजीविनो अप्पमत्तस्स यसोभि वड्ढति

उत्साहीको, स्मृतिमान होशियारीको, निर्दोष काम गर्नेको राम्रो संग दिलै देखि विचार गरेर काम गर्नेको, संयमीको, धार्मिक जीवन बिताउनेको, अप्रमादीको सधैं यशकीर्ति उन्नति हुन्छ।

Dhamma.Digital

◆◆◆



Downloaded from http://dhamma.digital

## लेखकया प्रकाशित नेपालभाषाया मेगु सफूत

१. गौतम बुद्ध
२. बुद्धया अर्थनीति (संयुक्त )
३. तथागत हृदय
४. त्याग
५. दश संयोजन (सं.)
६. भिक्षुया पत्र (भाग-१)
७. भिक्षुया पत्र (भाग-२)
८. पेकिङ्ग स्वास्थ्य निवास
९. बौद्ध शिक्षा
१०. न्हापां याम्ह गुरु सु ?
११. माँ-बौ लुमन
१२. हृदय परिवर्तन
१३. बौद्ध ध्यान (भाग-१)
१४. बौद्ध ध्यान (भाग-२)
१५. बाखं (भाग-१)
१६. बाखं (भाग-२)
१७. बाखं (भाग-३)
१८. बाखं (भाग-४)
१९. बाखं (भाग-५)
२०. बाखं (भाग-६)
२१. भिक्षु जीवन
२२. भिंम्ह मचा
२३. बाखँया फल (भाग-१)
२४. बाखँया फल (भाग-२)
२५. धम्मचक्कप्पवत्तन सुत्त
२६. क्षान्ति व मैत्री
२७. बोधिसत्त्व
२८. मूर्खम्ह पासा मज्यू
२९. श्रमण नारद (अनु)
३०. ईर्ष्या व शंका
३१. चरित्र पुचः (भाग-१ )
३२. चरित्र पुचः (भाग-२)
३३. योगीया चिट्ठी
३४. पालि प्रवेश (भाग-१)
३५. पालि प्रवेश (भाग-२)
३६. धर्म मसीनि
३७. सर्वज्ञ (भाग-१)
३८. सर्वज्ञ (भाग-२)
३९. दुःख मदैगु लँपु
४०. शिक्षा (भाग-१)
४१. शिक्षा (भाग-२)
४२. शिक्षा (भाग-३)
४३. शक्षा (भाग-४)
४४. दान
४५. चमत्कार
४६. बुद्धया व्यवहारिक पक्ष धर्म
४७. व्यवहारिक प्रज्ञा
४८. दीर्घायु जुइमा



Downloaded from http://dhamma.digital

४९. ज्ञान मार्ग (भाग-१)
५०. ज्ञान मार्ग (भाग-२)
५१. बौद्ध नैतिक शिक्षा (दो.सं.)
५२. भिगु बन्धन
५३. मनू म्हसिइकेगु गय् ?
५४. संस्कृति
५५. बुद्धया करुणा व ब्रह्मदण्ड
५६. धर्मया ज्ञान
५७. कर्म व कर्मफल
५८. अमृत दान
५९. मंगल
६०. बुद्ध योग्यम्ह गुरु खः

## लेखकका छापिसकेका अन्य पुस्तकहरु

१. नेपाल चीन मैत्री
२. बौद्ध दर्शन
३. बुद्ध र व्यवहारिक धर्म
४. पञ्चशील
५. शान्ति
६. नारी हृदय
७. पेकिङ्ग स्वास्थ्य सेवा
८. बौद्ध संस्कार (दो. सं.)
९. बौद्ध जगतमा स्वास्थ्य सेवा (दु.सं.)
१०. निरोगी
११. बुद्धको विचारधारा
१२. मैले बुझेको बुद्धधर्म
१३. बौद्ध नैतिक शिक्षा (भाग १)
१४. बौद्ध ज्ञान
१५. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय"
१६. धर्म चिन्तन
१७. बौद्ध ध्यान (विपस्यना ध्यान)
१८. सम्यक शिक्षा (भाग-१)
१९. आर्यसंस्कृति
२०. आर्यशील र आर्य मार्ग
२१. सम्यक शिक्षा (भाग-२)
२२. सम्यक शिक्षा (भाग-३)
२३. निन्दाबाट बच्ने कोही छैन
२४ बुद्धकालीन प्रजातन्त्र र समाजवाद
२५. नारीहरुमा पनि बुद्धि छ
२६. बुद्धकालिन संस्कृति
२७. बुद्धकालिन संस्कृति र परिस्थिति
२८. पहिलो गुरु को हुन् ?
२९. बुद्धको संस्कृति र महत्त्व
३०. क्षान्ति र मैत्री(अनु.वीर्यवती)



Downloaded from http://dhamma.digital

३१. धर्म र हृदय
३२. बोध कथा र बौद्ध चरित्र
३३. कर्म र कर्मफल (अनु.भिक्षु संघरक्षित )
३४. भिक्षु जीवन (अनु.भिक्षु संघरक्षित)
३५. दश संयोजन (अनु .भिक्षु संघरक्षित)
३६. २१औं शताब्दिमा बुद्धको शिक्षा किन?
३७. चित्त शुद्ध भए जीवन उज्ज्वल हुनेछ
३८. धर्म जीवन जिउने कला
३९. बुद्धको जीवनोपयोगी शिक्षा
४०. नक्कली देवता
४१. बुद्ध र बुद्धको धर्म
४२. समाजको लागि बुद्धको शिक्षा
४३. मानिसलाई असल बनाउने बुद्धको शिक्षा
४४. व्यवहारिक प्रज्ञा (अनु. भिक्षु संघरक्षित)
४५. अमूल्य धन (अनु. भिक्षु संघरक्षित )
४६. बुद्धको चमत्कार
४७. दीर्घायु हुने उपाय
४८. नेपालमा थेरवादी बुद्धधर्मको भविष्य (प्रथम भाग)
४९. धर्मप्रचार
५०. नेपालमा थेरवादी बुद्धधर्मको भविष्य (दोश्रो भाग)
५१. बुद्धधर्म र संस्कृति
५२. असल शिक्षा-१
५३. बुद्ध र संस्कृति
५४. असल शिक्षा
५५. धर्म र आचरण
५६. धर्म र ज्ञानको शिक्षा
५७. धर्म उपदेश
५८. असल शिक्षा-२
५९. असल शिक्षा-३
६०. असल शिक्षा-४ तपाईंको हातमा



Downloaded from http://dhamma.digital




# भिक्षु अश्वघोष

(संक्षिप्त जीवनी)

जन्म मिति : १८ मई १९२६
ललितपुर वकुबहाल

पिताको नाम : चन्द्रज्योति शाक्य

माताको नाम : लक्ष्मी माया शाक्य

गृहस्थीनाम : बुद्ध रत्न शाक्य

प्रव्रज्या : १६ वर्षमा कुशीनगरमा सन १९४४

उपाध्याय गुरु : चन्द्रमणि महास्थविर, बर्मी

अभिभावक गुरु : भिक्षु अमृतानन्द महास्थविर

उपसम्पदा : सन् १९४९, मे महिना श्रीलंकामा

गतिविधि : समाजसेवा, बौद्ध जागरण प्रवचन, बहुजनहितको शिक्षा प्रचार गाउँ गाउँमा युवा वर्गमा। विशेषरुपमा वर्तमान जीवन सुधारेर शान्त वातावरण बनाउन। ८० भन्दा बढी पुस्तककरुका लेखक, नेवारी र नेपाली भाषामा।

प्रधान सम्पादक : धर्मकीर्ति मासिक पत्रिका

संस्थापक : संघाराम भिक्षु तालिम केन्द्र र ध्यानकुटी विहार, बनेपा

धर्मानुशासक : धर्म कीर्ति अध्ययन गोष्ठी, स्वयम्भू ज्ञानमाला भजन खलः र युवा बौद्ध समूह काठमाडौं

अध्ययन-बुद्धधर्म : श्रीलंकामा ८ वर्ष, भारतमा ८वर्ष

भ्रमण : श्रीलंका, म्यानमार, थाईल्याण्ड, मलेशिया, मंगोलिया, चीन, भूटान, लण्डन, रुस, जर्मन, जापान

वि.सं. २०४८ मा चीनमा संसदीय प्रतिनिधि मण्डलको सदस्य, सन् १९९५ एशियन शान्ति सम्मेलन जापानमा सहभागी, सन् १९९७ मा अन्तर्राष्ट्रिय धार्मिक सम्मेलन, सन् १९९८ मा संघ सम्मेलन अन्तर्राष्ट्रिय बुद्धको ज्योति सम्मेलन क्यानाडा, बर्मा सरकारबाट अग्गमहासद्धम्म ज्योतिक धज पदवी प्राप्त।

Downloaded from http://dhamma.digital